## देउवा धर्मको शरणमा

काठमाडौं । नयाँ संविधानले धर्मनिरपेक्षताको संवैधानिक व्यवस्था गरेको छ । धर्मनिरपेक्ष उल्लेखित संविधान बनाउने प्रमुख अभियन्ता देउवा पनि हुन् । अहिले वाम गठबन्धनबाट त्रसित बन्दै गएका देउवा धर्मको शरणमा पुगेका छन् । उनले आफू हिन्दू राष्ट्र कायम गराउने पक्षमा रहेको भन्दै बोलेका छन् । पहिला महामन्त्री शशांक कोइराला हिन्दू राष्ट्रको पक्षमा वकालत गर्दै आए पनि अहिले कांग्रेस सभापति पनि हिन्दू राष्ट्रको पक्षमा खुलेरै बोल्न थालेका छन् ।

निर्वाचनमा बाँकी ८ पेजमा

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal Weekly
साप्ताहिक

वर्ष ६ अंक ३२, २०७४ साल मंसिर १५ गते शुक्रबार, नेपाल संवत् ११३८ (Dec. 1, 2017) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## डीजीको चर्तिकला

काठमाडौं । सडक विभागका महानिर्देशक गोपाल सिग्देल भ्रष्टाचारको आहालमा चुर्लुम्म डुबेको तथ्य फेला परेको छ । उनले गरेका कालाकर्तुतहरुबारे सडक विभागका एक वरिष्ठ अधिकारीले केही महत्वपूर्ण तथ्यहरु हामीलाई प्राप्त भएको छ ।

३५ अर्बको ठेक्का ५ वटा निर्माण कम्पनीलाई बिना प्रतिस्पर्धा कार्टेलिङ गरी उपलब्ध गराएको, रु. १२ करोड आरजु राणालाई खुवाएर महानिर्देशक बनेको, सरुवा बढुवामा साउनयता व्यापक रकम उठाएको, प्रत्येक हप्ता देशभरीबाट डिभिजनल इन्जिनियरलाई बोलाएर रकम असुलि गरेको, देशभरि सञ्चालित अन्य बाँकी ८ पेजमा

# भारतीय ग्रान्ड डिजाइनमा मधेस विखण्डनको खतरा

काठमाडौं । केही मधेस केन्द्रित दलहरुलाई मिलाएर भारतीय राजदूताबासले बनाइदिएको राष्ट्रिय जनता पार्टीले तराईलाई अलग राष्ट्रको रुपमा व्याख्या गरेपछि नेपालको मानचित्रबाट अलग गराउने भारतीय योजना छताछुल्ल भएको छ । तराई भूभागलाई भारतमा गाभ्ने योजनाको सूत्रधार थिइन् तत्कालीन भारतीय प्रधानमन्त्री इन्दिरा गान्धी । हिमाली राज्य सिक्किमको विलयसँगै भारतले नेपालको तराईलाई गाभ्ने योजना बनाएको थियो । भारतीय खुफिया एजेन्सी रिसर्च एन्ड एनालाइसिस विंग्स (रअ) का पूर्वअधिकारी आरके यादवले किताबमार्पत यसको खुलासा गरिसकेका छन् ।







प्रधानमन्त्री इन्दिरा गान्धीका पालामा तराईलाई टुंग्याएर भारतमा गाभ्ने अपरेसनको खाका बनाइएको थियो । गान्धीले तराई टुक्र्याएर भारतमा गाभ्ने योजनाको जिम्मा 'रअ' का संस्थापक प्रमुख रामेश्वरनाथ काओलाई दिएकी थिइन् । तर आन्तरिक राजनीतिको उतारचढावले योजना सफल नभएको दाबी यादवले आफ्नो पुस्तक 'मिसन रअ' गरेका छन् । यादवले सन् १९७३ मा 'रअ' भर्ती भएर लामो समय काम गरेका थिए । २६ अप्रिल १९७५ मा सिक्किम भारतमा गाभिएपछि नेपालमा चिनियाँ उपस्थिति बढेको विश्लेषणसहित काओ लगायतको टिमले तराईलाई नेपालबाट टुक्र्याउने योजना बनाएको पुस्तकमा उल्लेख छ । आफ्नो असफल योजनाबारे काओले नै यादवलाई जानकारी दिएका थिए ।

काओले मलाई भन्नुभयो कि सिक्किम भारतमा मिलाएपछि नेपालमा बढेको चिनियाँ उपस्थिति प्रधानमन्त्री इन्दिरा गान्धीलाई असहज भएको थियो । त्यसकारण तराई टुक्र्याउने योजना बनेको थियो । यादवले सन् २००० डिसेम्बरको अन्तिम साता काओसँग सिक्किम विलयको अन्तरकथाबारे विस्तृत कुराकानी गरेको र काओले हाँसेर सविस्तारमा जवाफ दिएको किताबमा उल्लेख गरेका छन् ।

सिक्किम विलयपछि नेपालको तराईलाई एकीकृत गर्ने योजना भए पनि भारतमा संकटकाल लागेकाले र पछि कांग्रेस आईले चुनाव हारेकाले यो योजनाले मूर्तरुप पाउन सकेन । सिक्किम विलयसँगै गान्धीले सन् १९७५ मा भारतमा संकटकाल लगाइन् । त्यसलगत्तै अधिकांश विपक्षी नेता गिरफ्तारीमा परेका थिए । संकटकालसँगै प्रायश: विपक्षी नेताहरु समातिए र आन्तरिक आँधीले गान्धीको नेपालको तराई गाभ्ने लगायत अन्य बाह्य योजना तर्जुमामा अवरोध खडा गर्‍यो- पुस्तकमा उल्लेख छ । दुर्भाग्यवश सन् १९७७ को आमनिर्वाचनमा इन्दिरा गान्धी पराजित भइन् । योसँगै तराई विलय र अन्य गृहकार्यले मूर्तरुप पाउन सकेन । तर भारतको आन्तरिक कारणले मात्र होइन कि नेपालको चीनसँगको मजबुत अन्तर्राष्ट्रिय सम्बन्ध र त्यसबेला प्रतिबद्ध सरकार भएकाले भारतले हस्तक्षेप गर्न सकेन ।

सन् १९७५ मा सिक्किमलाई भारतमा गाभ्न 'रअ' का तत्कालीन प्रमुख काओ निर्देशन र योजनामा 'रअ' का अधिकारीहरु के. शरणम 'नेयर, पिएन बनर्जी, एजितसिंह सयाली र जिविएस सिन्धुले प्रत्यक्ष भूमिका निर्वाह गरेका थिए । तराई विभाजनसम्बन्धी योजना बनाउन पनि सोही टिम संलग्न थियो । त्यतिबेला बनर्जी 'रअ' को कोलकाता स्टेशनका प्रमुख थिए भने सयाली सिक्किममै रहेर विलयका लागि तत्कालीन नेता काजी लेण्डुप दोर्जे र उनी समर्थक कार्यकर्तालाई प्रभावमा पारेका थिए ।

तत्कालीन भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरुका पिसओं (पर्सनल सेक्युरिटी) अफिसर समेत रहेका काओलाई सन् १९६८ मा 'रअ' को संस्थापक चिफ बनाइएको थियो । इन्टेलिजन्स ब्युरोबाट २५० जनाको जनशक्तिसहित रअको स्थापना भएको यादवले किताबमा उल्लेख गरेका छन् । १० मे १९१८ मा कस्मिरी पण्डित परिवारमा जन्मेका काओको जनवरी २००२ मा मुटुको व्यथाले मृत्यु भएको थियो । सिक्किम विलयको भित्री पाटो सन् २०२७ पछि मात्रै सार्वजनिक हुने यादवले पुस्तकमा बताएका छन् । अमेरिका, चीन जस्ता शक्ति राष्ट्रबाट उत्पन्न हुने जोखिममाझ तीन हजार वर्गमाइल क्षेत्रफल ओगटेको सिक्किम गाभियो । काओले त्यसबारे विस्तृत संस्मरण लेखेका छन् । जसलाई नेहरु मेमोरियल म्युजियम एन्ड लाइब्रेरीमा राखिएको छ । काओले आफ्नो निधन भएको २५ वर्षपछि मात्र त्यो सार्वजनिक गर्नु भनेका छन् । सन् २०२७ पछि त्यो सम्भवत: खुल्नेछ यादवले लेखेका छन् ।

सन् १९७१ म पाकिस्तानलाई टुक्र्याएर बंगलादेश बनाउन 'रअ' ले महत्वपूर्ण भूमिका खेलेको थियो । यसमा पनि काओले विशेष मेहनत गरेका थिए । काओले १९७५ मै भारतमा माओवादी खतराको मूल्यांकन गरेको र अहिले सरकारले गम्भीर आन्तरिक सुरक्षा चुनौती स्वीकार गर्नु परेको पनि यादवको विश्लेषण छ । तराई निल्ने इन्दिरा गान्धीको असफल योजनालाई पूरा गर्न भारतीय संस्थापन पक्षले पछिल्लो समयमा रणनीति परिवर्तन गर्‍यो । तराईलाई पहिले फिजीकरण गर्ने र पछि सिक्किमीकरण गर्ने नयाँ रणनीति भारतले अख्तियार गर्दै आएको छ । तराईमा आप्रबासी भारतीयहरुको बाक्लो घुसपैठ गराउने र तिनलाई नेपाली नागरिक बनाएर तराईका भूमिपुत्र मधेसी नेपालीहरुलाई अल्पमतमा पार्ने कार्यमा रअले जोड दिँदै आएको छ । २०६२ को १२ बुँदे दिल्ली सम्झौताको रोडम्यापमा बाँकी ८ पेजमा

## जसको सीता उसैको गीता

काठमाडौं । विश्वको ठूलो जनसंख्यामा विस्तार भइसकेको बुद्ध धर्मावलम्बीका आस्थाका केन्द्र भगवान गौतम बुद्धको जन्म नेपालको लुम्बिनीमा भएको तथ्य घामजत्तिकै छर्लंग छ । लुम्बिनीको विश्वव्यापी महत्व र चर्चाप्रति बेला बेला हाम्रो दक्षिणको छिमेकीलाई टाउको दुखाइको विषय बन्ने गर्छ । उसले बुद्धको जन्मस्थलबारे भ्रम फैल्याउन भारतको बोधगयामा नक्कली मन्दिर बनाएर सक्कली भएको दाबी गर्दै बुद्ध भारतमा जन्मिएको भन्ने गर्छ । जब नेपालबाट जोडतोडले विरोध हुन्छ, तब भारतीय नेताहरुले बोली सच्याउने गर्छन् ।

अहिले भारतको धर्मशालामा शरण लिइरहेका तिब्बती धर्मगुरु दलाई लामाले पनि बुद्धको जन्मबारे भ्रम फैल्याउने प्रयास गरे । तर उनको भ्रम पनि लामो समय टिकेन । उनले पनि आफ्नो बोली सच्याउँदै माफी मागेका छन् । गत अक्टोबर १६ मा भारतको मेरठको एउटा विद्यालयमा विद्यार्थीसँगको अन्तरसंवादमा लामाले 'बुद्ध नेपालमा जन्मिएको भन्ने कुरा हास्यास्पद भएको' बताएका थिए । उनको सामाजिक सञ्जालमा चौतर्फी आलोचना भएको र विश्वभरका नेपाली खनिएपछि उनले बोली सच्याए- 'संसारभरका बौद्ध धर्मावलम्बी जस्तै म निसंकोच बुद्ध लुम्बिनीमा जन्मेको स्वीकार गर्छु ।'

बुद्धको जन्मस्थलबारेमा विभिन्न देशहरुमा अझै भ्रम छ । कतिपय मुलुकका विद्यालयका पाठ्यक्रममा समेत बुद्ध भारतमा जन्मेका भनेर पढाउने गरिन्छ । नेपालीहरुको पहलमा यस्तो गलत प्रवृत्ति सच्याउने काम पनि भइरहेको छ । चर्चित टेलिभिजन प्रस्तोता रवि लामिछानेले 'बुद्ध वाज वर्न इन नेपाल' शीर्षकमा लगातार ६५ घन्टा टेलिभिजन कार्यक्रम प्रस्तुत गरेर गिनिज बुकमा नाम लेखाएका थिए । नेपालीहरु विश्वको जुनसुकै कुनामा भए पनि नेपालप्रति कसैले भ्रम छरे भने एकजुट भएर त्यसको विरोधमा उत्रिने गरेका छन् । बुद्धको

जन्मभूमिको भ्रम विश्वबाट मेटाएर नेपालको गौरव सदासर्वदा कायम गराउन नेपालीले नै काम गर्नुपर्छ । आफू भएको मुलुकका जनतालाई पनि यस बारेमा बताउनुपर्छ । लुम्बिनीको विश्वव्यापी महत्व अझ बढ्दै जाने र नेपालको समृद्धिको मार्गसमेत लुम्बिनी बाँकी ८ पेजमा

## चुनावी सभामा ढकाल





काठमाडौं । निर्वाचन नजिकिँदै जाँदा नेकपा मालेले पनि आफ्नो चुनावी अभियानलाई तीव्र बनाएको छ । मालेको हँसिया तारा चुनाव चिन्ह लिई चुनावमा खडा भएका उम्मेदवारहरुले घरदैलौ अभियानलाई महत्व दिई मतदातासामू पुगिरहेका छन् । यसैबीच नेकपा मालेका पोलिटब्यूरो सदस्य सुरेन्द्र ढकाल गत हप्ता काठमाडौं चुनाव क्षेत्र नं १० को चुनावी जुलुस तथा सभामा सामेल हुनु भयो । वालागाउँ, सतुंगल, मातातीर्थ तथा थानकोटकमा आयोजना भएको नेकपा मालेको कोण सभालाई ढकालले सम्वोधन पनि गर्नुभएको थियो ।

उक्त अवसरमा ठूला दलका दुवै गठवन्धन विदेशीको इसारामा बनेको र त्यस गठवन्धनहरुले दुईतिहाइ मत पाए भने राष्ट्रघाती पाराले १ करोड आप्रवासी भारतीयको पक्षमा नेपालको संविधान संसोधन गरी नेपाललाई बैधानिक रुपबाटै सिक्किम बनाउने छन् भन्दै एकमात्र राष्ट्रवादी प्रगतिशील वामपन्थी दल नेकपा मालेलाई चुनावमा अत्यधिक मतले विजयी गराउन मतदातासमक्ष आग्रह गर्नुभएको थियो । भेलामा नेकपा मालेका पोलिटब्युरो सदस्य तथा प्रदेश ३ का संयोजक कृष्ण राना एवम केन्द्रीय सदस्य तथा काठमाडौं जिल्लाका सचिव सिद्धि महर्जनले सबै ठूला दलहरु राष्ट्रघात गर्दै विदेशीको अगाडि लम्पसार पर्ने प्रवृत्तिका कारण राष्ट्रवादको जगेर्ना गरी स्वाभीमानी तथा स्वावलम्वी अर्थतन्त्र निर्माण गर्न नेकपा मालेलाई आफ्नो अमूल्य मत दिन आग्रह गर्नुभएको थियो । बिहान आठ बजे सुरु भई दिनको दुई बजेसम्म चलेको उक्त घरदैलो तथा कोण सभा कार्यक्रममा मालेको तर्फका उम्मेदवारहरु घनश्याम श्रेष्ठ, शंकर महर्जन तथा कृष्णकुमार श्रेष्ठ सामेल हुनुहुन्थ्यो ।

## सानालाई मात्र आचारसंहिता

काठमाडौं । ठूला दलहरुले आचारसंहिता उल्लंघन गरिरहेको प्रशस्तै देख्न सकिन्छ । भक्तपुरको सूर्यविनायक एरियामा पार्टीका झन्डाहरु डोरीमा टाँगेर सडकलाई नै रंगीचंगी बनाउने अभियानमा प्रतिस्पर्धा नै देखिन्छ । आयोगले मोटरसाइकल ऱ्यालीलाई आचारसंहिता विपरीत माने पनि पार्टीका झन्डा राखेर ऱ्यालीकै झलक आउने गरी मोटरसाइकल दौडाएको पाइन्छ ।

नेकपा माले क्षेत्र नं. ३ का उम्मेदवार राजकुमार विष्टले आफूलाई गाडीमा झन्डा हालेर हिँड्दा पनि ठाउँठाउँमा रोकेर दु:ख दिने गरेको तर ठूला दलका प्रचारकले ठूलठूला झन्डा बोकेर हिँड्दा पनि कुनै कारबाही नभएको बताउँछन् । मालेकै प्रदेशसभा उम्मेदवार चन्द्र श्रेष्ठले आफूले आफ्नो घरको कार्यालयमा टाँसेको फ्लेसबोर्ड समेत निकालेर लगेको तर उमाले, कांग्रेसले ठाउँठाउँमा झन्डा पोस्टरले सजिसजाउ पार्दा पनि कुनै कारबाही नभएकोमा आचारसंहिता सानालाई मात्र हो कि भनेर चिन्ता व्यक्त गर्छन् । यसैबीच नुवाकोटको तलाखु, छाप लगायतका गाउँहरुमा कांग्रेस, एमाले माओवादीले बाँकी ८ पेजमा

## त्रिवि एयरपोर्टमा डलर तस्करी

काठमाडौं । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रवन्धक देवानन्द उपाध्यायको सेटिङमा एयरपोर्टबाट ठूलो परिमाणमा डलर तस्करी भइरहेको बुझिएको छ । विमानस्थलस्थित विश्वस्त सूत्रबाट ग्रेटर नेपाललाई प्राप्त समाचारअनुसार महाप्रवन्धक उपाध्याय डलर तस्करीमा संलग्न भएको शंका भएपछि ड्यूटीमा रहेका कर्मचारीहरुले उपाध्यायमाथि निगरानी गरेको जानकारी प्राप्त भएको छ ।

यसअघि पनि उपाध्याय आफैं डलर बोकेर विमानस्थलको भीभीआईपी लाउन्जबाट विदेश जाँदा पटक पटक सुरक्षा निकायको निगरानीमा परेका थिए । कार्यालयको कामभन्दा आफ्ना व्यक्तिगत स्वार्थका कामहरु जुनियर अधिकृतहरुलाई गराउन प्रेसर दिने गरेका उपाध्यायमाथि अख्तियारले निगरानी राखिरहेको सूत्रको दाबी छ । यस सम्बन्धमा महाप्रवन्धक उपाध्यायसँग पटक पटक सम्पर्क गर्दा फोन नउठाउने र पत्रकार हरुसँगको सम्पर्कबाट टाढिने गर्छन् ।

यसैगरी महाप्रबन्धक उपाध्यायले डोमेस्टिकतर्फ जानका लागि समेत प्रेस कार्डवालाहरुलाई प्रवेश नदिन उर्दी जारी गरेका छन् । उपाध्यायले ड्युटी फ्रिका पसलहरुबाट पनि ठूलो नजराना लिने गरेका छन् र एयरपोर्टभित्र सञ्चालित पसलहरुबाट समेत मासिक कमिसन उठाउने गरेका कारण पसलहरुको मूल्यसूची असाध्य चर्को हुने गरेको छ । स्मरण रहोस् यसरी एयरपोर्टमा अनियमित तरिकाले आर्जित रकम उपाध्यायले हवाई उड्डयन प्राधिकरणको महानिर्देशक पद खरिद गर्न खर्च गर्ने तयारीमा रहेको सूत्रको दाबी छ ।

## समय-सन्दर्भ | धन र डनको पार्टीमा रूपान्तरित एमाले

राजेन्द्र शर्मा

२०२८/२९ सालको सशस्त्र झापा किसान विद्रोहको लिगेसी बोकेको एमाले मनमोहन अधिकारीको १०० रुपैयाँ ज्येष्ठ नागरिक भत्ताको राजनीतिलाई भजाउँदै मासिक ५ हजार घरघरमा पुऱ्याउने भन्दै प्रदेशसभा र प्रतिनिधिसभाको आसन्न निर्वाचनमा मत मागिरहेको छ । झापा आन्दोलनकै पृष्ठभूमिबाट उदाएका केपी ओली एमालेको कप्तानी गरिरहेका छन् । झापा जिल्ला कमिटी, कोअर्डिनेसन कमिटी हुँदै माले र त्यसपछि मार्क्सवादीसँगको 'हेन्डसेक' पछि एमाले बनेको र राष्ट्रिय राजनीतिमा प्रभावी बनिरहेको एमाले कम्युनिस्ट पार्टी नभए पनि कम्युनिस्ट 'लोगो' बोकेर कम्युनिस्ट मतदाताहरुलाई आकर्षित गर्ने जमर्को गरिरहेको छ ।

एमालेकै शीर्षका रुपमा माधव नेपाल, झलनाथ खनाल, केपी ओलीले प्रधानमन्त्री पद पड्काइसकेका छन् । मालेकालमा पार्टीलाई खासै कुनै योगदान नगरे पनि मदन भण्डारीको धर्मपत्नीका रुपमा विद्या भण्डारी राष्ट्रपति पदमा आसिन छिन् । झलनाथ खनाल राष्ट्रपतिका दाबेदार थिए । केपी ओलीले राष्ट्रपति बनाउने वचनबद्धता पनि नगरेका होइनन् । तर ओलीले तीन महिनाअघि देखि नै विद्याको पक्षमा भित्रभित्रै लबिङ गर्न थाले । खनाल हेरेका हेर्‍यै भए । महिलाको हवाला दिँदै ओलीले विद्यालाई राष्ट्रपति बनाएरै छोडे । प्रचण्डले गिरिजालाई उधारो राष्ट्रपति बनाएरै छोडे । अब राष्ट्रपतिमा माधव नेपाललाई विराजमान गराउने ओली आश्वासन कत्ति पूरा हुने हो, निर्वाचनपछि थाहा भइहाल्छ ।

जतिखेर माले पार्टी थियो, त्यो सर्वथा क्रान्तिकारी र देशभक्त थियो । गरिब किसान र सर्वहारा वर्गका बीचमा निकै लोकप्रिय थियो माले । माओ विचारधारालाई ड्रप गरी जब मालेले मार्क्सवादीसँग एकता गर्‍यो र बहुदलीय जनवादको गैरकम्युनिस्ट लाइन समात्यो, त्यहीँदेखि एमाले हुँदाखानेहरुको पार्टी रहेन । हुनेखानेहरुको पार्टीमा रुपान्तरित भयो । यो आरोप होइन, किन युवराज ज्ञवालीले मसँग पैसा छैन चुनाव लड्न सक्दिन भन्नुपर्‍यो त ? यहीँबाट प्रस्ट हुन्छ चुनावमा उम्मेदवार बनेका एमाले नेताहरुसँग कति कुस्त पैसा छ ? राजनीति जागिर होइन, व्यवसाय होइन तर राजधानीमा एमाले नेताहरुका आलिसान महल ठडिएका छन् । महागा चिल्ला कारमा नेताहरु हुइकिएका छन् । आखिर आम्दानीको स्रोत के हो ? एमाले नेताहरुले राजनीतिलाई जनसेवाको उत्कृष्ट माध्यमका रुपमा कहिल्यै लिएनन् । राजनीति उनीहरुको कमाइ पेसा भयो । नेताहरु मात्रै किन र भगिनी संगठनहरुका छोटे नेताहरुको हैसियत पनि बखान गरेर साध्य छैन । एकातिर माले हुँदै एमाले बनेका नेताहरुको यस्तो जगजगी छ अर्कोतिर मालेमा पसिना रगत बगाएकाहरुको बेहाल छ । झापा आन्दोलनमा खुकुरी बोकेर युद्ध मोर्चामा लड्नेहरु धेरै एमालेमा अँटाएनन् । कति पशुपालन, कृषि व्यवसाय गरेर बसेका छन् । कसैले बल्खु पार्टी कार्यालय नजिकै झुन्डिएर एमालेलाई खिज्याए ।

झापा संघर्षका जोदाहामध्येका एक हुन् दुर्गा अधिकारी । दुहागढीका तत्कालीन उपप्रधानपञ्च ज्ञानबहादुरको सफायपछि उनी गिरफ्तारीमा परे । सँगैका एक साथी रामप्रसाद प्रधान बुधबारेमा बाँसका तीखा भाँटाले घोचेर पञ्चहरुद्वारा मारिए । दुर्गा अधिकारी लामो समयसम्म बन्दी बनाइए । जब उनी जेलबाट मुक्त भए पार्टी नेतृत्वले उनको वास्ता गरेन । अहिले उनी झापाको चारआली जंगलस्थित पाउ पाथिभाराका पुजारी छन् । सँगैका सहयोद्धाहरु सांसद भए मन्त्री भए तर दुर्गालाई पार्टीले मानौं चिनेन । केही वर्ष बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सम्पादन सहयोगी
घनश्याम ओली/गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

# स्वतन्त्र नेपालको भूगोल इतिहास बन्दैछ सावधान !!!

**सुरेन्द्र ढकाल**
**पोलिटब्युरो सदस्य**
**(नेकपा माले)**



नेपालको हरेक राजनीतिक परिवर्तनको फाइदा आफ्नो पोल्टामा पार्न सफल भारतीय गुप्तचर संस्था रअ यसपालिको चुनावलाई पनि अधिकतम रुपमा भारतीय स्वार्थ सुरक्षित गर्न सक्ने गरी परिचालन गर्दै छ र नेपाललाई सिक्किम बनाउने प्रक्रियालाई सफलताका साथ अन्तमा पुऱ्याउने रणनीतिक प्रयास गर्दै छ । कस्तो छ त रअको विश्लेषण ?

१) नेपालमा रहेका १ करोड आप्रवासी भारतीयहरुलाई नेपाली नागरिकता दिलाई वैधानिक रुपबाटै नेपाललाई सिक्किम बनाउने योजनामा कुठाराघात पुग्ने गरी नेपालको संविधान जारी भएको र त्यसलाई मान्यता नदिई आर्थिक नाकावन्दी गर्दा पनि असफल भएपछि संविधान संसोधनको प्रस्ताव पनि अल्पमतमा पऱ्यो । यसैकारण आफ्ना सबै रणनीतिहरु बेकम्मा सावित भएको रअको विश्लेषण रहेको छ । अब जसरी भए पनि चुनावपछि बन्ने संसदमा भारतीय पक्षको दुईतिहाइ मत हुनैपर्दछ भन्ने रअको जोड रहेको छ । यसैको लागि शेरबहादुरले आफ्नो भारत भ्रमणकालमा भारतसँग ठूलै सहयोगका याचना पनि गरेका थिए र सो को बदलामा संविधान ससोधनको प्रस्ताव चुनावपछि बन्ने संसदमा पुनः ल्याउने प्रतिबद्धता उनले मोदीसमक्ष गरेका थिए ।

## नेपाललाई भारतमा मिलाउन पर्दछ भनेर बीबीसीमा कार्यक्रम संचालन गर्ने दललाई पनि रअको ठूलै आर्थिक सहयोग छ

२) संविधान संसोधनको पक्षमा नयाँ निर्वाचित संसद दुईतिहाइ पुऱ्याउन एमालेको साइजलाई घटाउन र माओवादी र कांग्रेसको साइज बढाउनै पर्दछ भन्ने कुरा पनि रअलाई भलिभाँति थाहा छ । त्यसैले बामगठवन्धन गराउन रअले ठूलो धनराशी माओवादीमार्फत एमालेमा पठाउन सफल भयो । गठवन्धन पनि भयो अब चुनावले देखाउने अंकगणितमा माओवादीको पक्षको सिट बढ्ने र एमालेको पक्षमा घट्ने स्वतः सिद्ध छ । यसलाई बल दिन नेपाललाई भारतमा मिलाउन पर्दछ भनेर बीबीसीमा कार्यक्रम संचालन गर्ने दललाई पनि रअको ठूलै आर्थिक सहयोग रहेको छ । यसले काट्ने भनेको मत एमाले मात्रै हो ।

३) बैधानिक रुपबाटै नेपाललाई सिक्किम बनाउन सक्ने भएपछि उसले राजपाको घोषणापत्रमा स्वतन्त्र तराईको मागलाई जोडदार तवरले उठाउन लगाएको छ । यसो गर्नुको मतलव के हो भने केही गरी आफ्नो पक्षमा दुईतिहाइ बहुमत आएन भने यिनै राजपालाई उचालेर सिंगै नेपाल नभए पनि तराई खान पाउने उसको ठहर छ ।

४) रअको यो रणनीतिलाई नेकपा माले र मजदुर किसान पार्टीले मात्रै बुझेको अवस्था रहेको कारण यिनीहरुको दललाई यही चुनावमार्फत पत्तासाफ गर्ने योजना रअले बनाएको छ । यही कारण यिनीहलाई बामगठवन्धनमा सामेल गरिएन बल्की उनीहरुको नेता कार्यकर्ताहरुलाई किनेर आफ्नो पक्षमा पार्न रअ सफल रह्यो ।

५) चुनावको नतिजा आई एमालेको साइज घटी माओवादीको साइज बढ्ने बित्तिकै प्रचण्ड बाम गठवन्धन तोडेर कांग्रेस खेमामा जाने स्वतः सिद्ध छ । जसरी राजतन्त्र खतम गरी गणतन्त्र घोषणा गर्नासाथ गणतन्त्रका नेताहरुले नागरिकता विधेयक पास गरी नेपालभित्र रहेका ६३ लाख आप्रवासी भारतीयहरुलाई मात्रै होइन उत्तर प्रदेशको महाराजागंज जिल्लाका २० हजार भारतीयहरुलाई समेत नेपाली नागरिकता उपलब्ध गराए । रअको योजना काविल भएमा यसै चुनावबाट बन्ने संसदमा भारत समर्थक दलहरुको दुई तिहाई पुगी सविधान संसोधन हुनेछ ।

६) आफूलाई मात्र अब्बल दर्जाको राष्ट्रवादी देखाइ जनतालाई छली महाकालीमा राष्ट्रघात गर्ने एमाले माओवादीसँग गएर मिल्नु भनेको अन्ततः आफ्नो राष्ट्रवादी मुकुण्डो उतार्नु नै हो । देश भनेको त्यहाँ भएका ढुंगा माटो वन जंगल नदीनालाभन्दा पनि त्यहाँ बस्ने जनता नै हो । त्यही जनता अझै पनि रअको रणनीति बुझ्दैन र राष्ट्रघाती दलहरुलाई नै निर्वाचनमा विजय गराउँछ भने देशले सिक्किमको नियति भोग्ने छ । स्वतन्त्र नेपालको भूगोल इतिहास बन्दैछ । सावधान !!!

सम्पादकीय

# सुरक्षा चुनौतीको गम्भीरता र सरकारी बेवास्ता

प्रथम चरणको निर्वाचन तुलनात्मक रूपमा शान्तिपूर्ण ढंगमा सम्पन्न भई मतपेटिका संकलन कार्यसमेत सम्पन्न भएको छ । निर्वाचन बिथोल्ने विभिन्न समूहहरूले ठाउँठाउँमा उम्मेदवार लक्षित गरेर बम विस्फोट गराउने, सर्वसाधारण जनता भेला भएका सभाहरूमा समेत बम राख्ने र जनतालाई आतंकित पार्ने काम गरे । एकजना म्यादी प्रहरीको विस्फोटको घटनामा परी दुःखदायी निधन भयो । केही व्यक्तिहरू गम्भीर घाइते भएका छन् । निर्वाचनको विरोधमा आतंक फैल्याउने समूहले सम्पूर्ण जोडबल लगाउँदा पनि ६५ प्रतिशतभन्दा बढी जनताले मतदानमा भाग लिएर आफ्नो लोकतान्त्रिक अधिकारको प्रयोग गरेका छन् ।

प्रथम चरणको निर्वाचनभन्दा दोस्रो चरणको निर्वाचन सुरक्षाका दृष्टिकोणले थप चुनौतीपूर्ण रहेको छ । दक्षिणतर्फको खुला सिमानाका कारण निर्वाचनको मौकामा भारतीय भूमिमा आश्रय लिएर नेपालमा आतंक मच्चाउने समूहहरू पनि सक्रिय हुन सक्छन् । त्यसैगरी निर्वाचन खारेजीको माग राखेर निर्वाचन बिथोल्ने गतिविधिमा सक्रिय रहँदै आएको नेपाल कम्युनिस्ट पार्टी विप्लवबाट पनि सुरक्षा चुनौती गम्भीर बनिरहेको छ । केही राजावादी समूह पनि निर्वाचन विरोधी नारा लगाइरहेका छन् भने तराई मधेसमा विभिन्न नाममा विगतमा सक्रिय रहेका समूहहरू पनि शान्तिपूर्ण निर्वाचनको मार्गमा चुनौतीका रूपमा रहेका छन् ।

गृह मन्त्रालयका प्रवक्ताले सार्वजनिक रूपमा सुरक्षा व्यवस्था राम्रो भएको र थप सुदृढ बनाउने दाबी गर्दै आएका छन् । तर गृह प्रवक्ताको भनाइलाई मुलुकभर भएका विस्फोटका घटनाले गलत सावित गरिदिएको छ । प्रधानमन्त्रीका कार्यक्रमदेखि लिएर पूर्वप्रधानमन्त्री, पूर्वगृहमन्त्री, शीर्ष नेताहरू सबैजसोका कार्यक्रम र ओहोरदोहोर गर्ने मार्गमा एम्बुस र बम राखेका घटना सार्वजनिक भइसकेका छन् । भर्खरै मात्र उदयपुरमा कांग्रेसका प्रतिनिधिसभाका उम्मेदवार तथा पूर्वसांसद नारायण कार्की सवार भएको गाडी एम्बुसमा परी कार्कीलगायत सहयोगीहरू समेत गम्भीर घाइते भएका छन् । लगातार रूपमा घटिरहेका यस्ता खालका घटनाले मुलुकको सुरक्षा व्यवस्था अत्यन्तै खराब रहेको स्पष्ट हुन्छ ।

निर्वाचन सुरक्षाका नाममा राष्ट्रको ढिकुटीदेखि अर्बौं खर्च भइरहेको छ भने चार तहको सुरक्षा निकाय परिचालित भएको छ । आवश्यक परेको खण्डमा हेलिकप्टर लगायतका स्रोत साधनसमेत सुरक्षा प्रयोजनमा लगाउन सकिन्छ । यति हुँदाहुँदै पनि निर्वाचन विरोधी समूहलाई निस्तेज पारेर शान्ति कायम गराउन गृह प्रशासन कमजोर देखिएको छ । मुलुकभर विस्फोट गराउने घटनाको कसैले जिम्मेवारी नलिनु र सरकारले पनि कसको संलग्नतामा घटना भएको हो भन्ने कुरा आधिकारिक रूपमा बाहिर ल्याउन नसक्नु लाचारीपना देखिएको छ ।

मुलुकभर सुरक्षा निकायका कर्मचारीहरू बाक्लै रूपमा परिचालित भएको अवस्थामा घटना कसरी घटिरहेका छन् भनेर विभिन्न प्रश्न र शंका उपशंका पनि उठिरहेका छन् । दुई ठूला गठबन्धन वाम गठबन्धन र लोकतान्त्रिक गठबन्धनले एक अर्काबीच आरोप प्रत्यारोप समेत गर्ने गरेका छन् । निश्चय पनि मेचीदेखि महाकालीसम्म संयन्त्र विस्तार गरेर विस्फोटका घटना गराउनु चानचुने विषय होइन । कुन उद्देश्य र प्रयोजनले यस्ता घटना घटिरहेका छन् र कुन शक्तिले घटना घटाउनेलाई संरक्षण प्रदान गरेको छ, यसबारे राज्यले गम्भीरतापूर्वक खोज अनुसन्धान गरी सत्यतथ्य बाहिर ल्याउन र दोषीलाई कारबाही गर्न जरूरी छ । विगतमा एक दशकभन्दा लामो समयसम्म मुलुकमा फैलिएको हत्या, हिंसा र अशान्तिबाट देश र जनता राम्रोसँग तङ्रित नसक्दै फेरि उस्तै ढंगका घटनाको पूर्वाभ्यास हुन थाल्नु दुःखलाग्दो विषय हो । यसमा सम्बन्धित सबै पक्ष जिम्मेवार बन्न आवश्यक छ । शान्तिसुरक्षाको दायित्वबाट राज्य पन्छिन मिल्दैन ।

# मेरै नेतासँग मेरै गुरूसँग (३)



**जगदीश लामिछाने**
रौतहट, पौराई

सभ्य समाजको जुनसुकै युगमा पनि अर्थ अर्थात् धन पैसाको आवश्यकता पर्छ । अहिलेको समाजमा यो आवश्यकता झन् प्रबल रुपमा बढेको छ । यो युगमा पैसा नभई एक पाइला पनि सार्न नसकिने युग आयो र आउँदै रहेको छ । यो पैसा राजसी र तामसी मात्र भयो भने सबैलाई दुःख हुन्छ । सत्वगुणको पैसा भनेको उद्योगै हो । यी उद्योगहरु सरकारमा आश्रित किन मानियो भने लगातार आवश्यकताअनुसार कच्चापदार्थ पनि चाहिनेछ । उत्पादन भएपछि वितरण अथवा निर्यात गर्न पनि शान्तिसुरक्षा आदि नभई नहुने कुरा नै हो । यसरी गरिएको उद्योग शुद्ध गराउन नसकिने होइन । यस्ता कृषि पशुपालनदेखि तरकारी उत्पादनसम्मै अथवा औद्योगिक पनि यस्तै हो । यस्ता उद्योगहरु भएपछि विदेश जानु र बेरोजगार हुनु पनि परेन । स्वदेशी कच्चापदार्थमा बढी जोड दिनुपर्छ ।

यसैकारण हाम्रो नेपाल सरकारका दाबेदारहरु तथा सरकारमा रहने नेताहरु सबै नै भ्रष्टाचाररहित हुनु परेको छ । तर हाम्रै पुरान नेता सरकारहरुले खडा गरिदिएका छाला जुत्ता कारखाना, चिनियाँ इँटा कारखाना आदिदेखि राणाकालमा तयारी जुटमिलहरु स्थगित बिक्री आदि गरी पुनरुद्धार पनि नगरिदिने नेपाल सरकारका आम नेताहरु नै भए । यस्ता नेपाल सरकार नै भ्रष्ट र निरुद्योगी भएर त हामी पनि बेरोजगार भई श्रम बेच्न विदेश जानु परेको छ । यिनै सत्ताधारीले आफू र आफ्ना भ्रष्टाचारी नहटाउँदा यस्तो भयो ।

अर्कातिर प्रशस्त जनसंख्या भएका र कुनै समय दुःख पाएका चीन जापान अमेरिका आदिले आफ्नै प्रयासमा उद्यमशील भई विश्वव्यापी कीर्ति कमाएका र कति त अलमलिएकै छन् । सञ्चार प्रविधि सुसांख्यकी (कम्प्युटर) तथा साउती यन्त्र (मोबाइल) हरुले आँखा अगाडि नै सबैलाई देखाइदिएकै छन् । अब आफैं उन्नति गर्नु र अरुको लागि मकुन्डो हुनु आफ्नै खुसीमै छ । जुन देशमा नेता अर्थात् सत्ताधारी भ्रष्टाचार कम गर्ने र गराउने भए त्यो देश त्यही अनुपातमा उन्नतिमा अघि बढ्दै गएको छ । प्रजातन्त्री तथा वामपन्थी भन्ने देश भेद रहँदै रहेन । कसैले स्वेच्छातारिता विपरीत स्वदेशीको हितमै सर्वोपरिता देखाएकै छन् र शिक्षामा पनि मार्गदर्शन गरेकै छन् । भौतिकता र आध्यात्मिकता यसै गरी समेट्न सम्भव भएकै छ । यस्तो देखेर पनि आफू र आफ्नालाई भ्रष्टाचारितातर्फ लगाउनु पतनबाहेक केही होइन । २००४ देखि आजसम्म संविधान मात्र बदलेर के के न गऱ्यौं भन्नु जनता हैन आफैंलाई नेताहरुले ढाँटेका छन् भन्नैपर्छ । यसमा आफू र आफ्नालाई घुस्याहा अल्छी बनाएर जबाफदेही नबनाउनेहरुको ओखती सामूहिक र व्यक्तिगत न्यायसंगत जिम्मेवारी दिएर न्यायको कठघरामा नउभ्याउने परम्पराको थालनीले नै यस्तो भएको हो माफी दिनेहरु आफैं भ्रष्ट भएकै देखियो ।

अझै गोविन्द केसीहरुले फेरि अनसन बसौं कि भन्नु परेकै छ । अध्यात्मिक पूर्वकर्मचारी नै भर्खरै स्वर्गीय भएका खेमराज केशवशरण पनि त्यस्तै नै हुन् भनी बिर्सिएझैं छ । भूतपूर्व स्वास्थ्यमन्त्री गगन थापा बिर्सनु त स्वाभाविकै हो । जलस्रोत माफियाविरुद्ध जलस्रोत विज्ञहरुले कराउँदा कराउँदै बूढीगण्डकी जलाशय योजनाले पनि धम्की र जालझेलमै पर्नुपर्ला भन्ने डर पलाएको छ । जापानमा विश्व युद्धपछि १ छाक खाजा खान नोटका बिटा बोकी जानु परेको कहालिलाग्दो मुद्रास्फीति ३७ वर्ष शासन चलाउने भर्खरै निष्कासित जिम्बाबेका रबर्ट मुगावेले बिर्सिएको मात्र होइन, आफ्नै सुनखानी र मलिलो जगमा बस्ती बसाएझैं हाम्रै देशमा उब्जाउ जग्गामा सहर बसाई भूउपयोग नीति बिर्सिएकै छ । अहिले उन्नतिशील जापानको उदाहरण दिंदा कहिले कसैले नेताहरुकै छलछामले र आफ्नै देशमा आफ्ना नेपालीहरु भलो गरौं भन्दैमा श्री ५ महेन्द्रले २०२८ सालमा दियालो बंगला चितवनमा मर्नु परेकै छ भन्दा अहिले पनि गन्यमान्यमध्येबाटै अपशब्द सुन्नु परेको छ ।

उनै महेन्द्रले २००९ पछि लगत्तै मलाई चीन पठाए भनी लेख्ने सायद अझै जिउँदा खगेन्द्रजंग गुरुङकै अगाडि अहिलेका सबै कम्युनिस्टका नेता पुष्पलाल चितवनमै मर्नु केही दिनअघि सँगै देखेकै हुँ । तिमी सरकार चलाउ भनेको सुनेकै हुँ । भनेको त युगौं बितिसक्यो । तिनै चेलाहरुले नेपाल हँसाउने हुन् कि रुवाउने हुन् शंकै शंकामै हेर्नु परेको छ । नेपाल इन्डिया हो कि नेपालै हो भनी आफ्नै टिस्टा काँगडा माग्न डराउने उसबेलाका श्री ३ मोहन श्री ५ त्रिभुवनदेखि नेपाली कांग्रेसभरिका धेरै नेतासँग के आशा गर्नु र ?

अहिले यिनै पापी आँखाले पुष्पलालकै चेला हुँ भन्नेहरु नोटका बिटा बिटामा सिरान हाली निदाएको देखिरहेछु । नेपाल पनि रबर्ट मुगावेकै जिम्बाब्वेझैं दुःख पाउला कि पाउँदैन ? भनी मेरै नेतासँग मेरै गुरुसँग २०७४ मार्ग १ गतेको यो पन्द्र दिन बितेपछि फेरि पनि सुटुक्क सोधिरहेछु ।

मोक्षदा एकादशी २०७४

## अबको क्रान्ति : पर्यावरणीय (खण्ड २)

**सुदर्शन प्रधान**

# केही भौतिकवादी दृष्टिकोण (४)

स्नान सम्बन्धमा एउटा सत्य कुरा के छ भने सयौं कि.मि. टाढा हिमालदेखि बग्दै आउने नदी भएकाले त्यस अन्तरालमा पर्ने हजारौं वर्ग कि.मि. वनपाखाका जडीबुटी, रसायनहरू पनि खोलाखोल्सीहरू हुँदै नदीमा मिल्ने भएकाले त्यस्तो पानी स्वभावतः स्वस्थ र शक्तिवर्धक हुन्छ । यस्तो गङ्गामा स्नान गर्दा विविध फाइदा हुन्छ नै । अनि चिसो पानीमा नुहाउन र उकालो बाटोमा जति हिँड्न सक्यो, स्वास्थ्य पनि उत्तिकै मजबुत हुन्छ । तर आज जताततै वनविनाश, मानवबस्ती तथा सहरबजार हरूबाट प्रदूषित भएर बग्ने र खेतबारीमा रासायनिक मल र कीटनाशक औषधिहरूको प्रचुर प्रयोगले अगिका स्वच्छ र स्वस्थ नदीहरूमा अहिले भारी ह्रास आइरहेछ । सप्तगण्डकी पनि यसबाट अछुतो छैन । किनकि पोखरा, स्याङ्जा, बाग्लुङ, बेनी, जोमसोम, बेंसीसहर, दमौली, गोरखा, त्रिशूली, मुग्लिङ, खैरेनीजस्ता बजारहरू यसैको किनारमा पर्छन् ।

ग) रावणसँगको युद्ध जितेपछि रामले देवघाटमा आई अश्वमेध यज्ञ गरेको र सीताले यहीँ देहत्याग गरेको कुरा पनि स्मरणीय छ । तत्कालीन अयोध्या (वर्तमान भारतको उत्तर प्रदेशमा पर्ने एउटा जिल्ला) का रामले युद्ध जितेपछि हर्ष र उमङ्गले पण्डित, पुरेतहरूको सल्लाहअनुसार अयोध्याबाट झन्डै ३ हप्ताजति यात्रा गरेर नारायणी नदीको किनारैकिनार आई देवघाटमा यज्ञ गरेन भन्न सकिन्न । त्यसरी नै अयोध्याबाट राजा रामको अविवेकी व्यवहारले लखेटिएकी सीता नारायणी नदीको किनारमा पर्ने वाल्मीकिनगर (त्रिवेणी, जहाँ आज गण्डक बाँध छ) मा आई बस्न थालेपछि पुनः नदीको शिरसम्म पुग्ने अभिलाषाले देवघाटमा आई बस्न थालेको र रामले आफूलाई पुनः भित्र्याउन चाहेको पत्तो पाएपछि तिनले यहीँको भिरबाट फाल हानी आत्महत्या गरेको पनि हुन सक्छ । सीता हामफालेको भनिएको देवघाट कालीगण्डकीको किनारको पहरो फाटेको छ र त्यस स्थानलाई सीता गुफा भनिन्छ ।

माथिका घटनाहरू असम्भव छैनन् तर त्यसका निम्ति पर्याप्त तथ्यहरू खोजिनु आवश्यक छ । 'गौतम बुद्धको जन्म भारतमा भएको हो, सगरमाथा भारतमा पर्छ' भनी लाजै नमानी दाबी गर्ने अन्ध राष्ट्रवादी भारतीयहरूले यस कुरालाई त झन् कसरी स्विकार्लान् ? यसैले पनि ऐतिहासिक तथ्यहरू खोजिनु आवश्यक छ ।

यदि माथिका दुई घटनाहरू देवघाटमा घटेकै भए पनि आश्चर्य मान्नुपर्ने कुनै कारण छैन । किनकि यो धरतीमा थुप्रै विराङ्गनावीरहरू, विदुषीविद्वान्हरू, नेतृनेताहरू, वैज्ञानिकहरू, साहित्यकारहरूले जन्म लिए र योभन्दा महत्त्वपूर्ण कुरा त परिश्रमी वर्गका जनताले उनीहरूलाई साथ दिए । अनि सबभन्दा महत्त्वपूर्ण कुरा त यी सबैलाई सृष्टि गर्ने र शिक्षादीक्षा दिने नारी वर्ग थिए । तब मानवइतिहासको निर्माण हुन सम्भव भयो । अन्यथा वंशवृद्धिमा निर्णायक भूमिका निर्वाह गर्ने नारी वर्गले परपीडा र खतरापूर्ण जीवनबाट मुक्त हुन सन्तान उत्पादनमा भाग नलिने हो भने र खाना, कपडा, आवास, औषधि, युद्धसामग्रीलगायत यावत् कुराहरू उत्पादन गर्न परिश्रमी वर्गका जनताले साथ नदिने हो भने कुनै पनि व्यक्ति वीर र राजा, महाराजाहरूले इतिहासको निर्माण गर्न सक्तैन । तर विगतमा के भएको छ भने इतिहास लेख्नेहरू प्रायः शासकको चाकडी बजाउनेहरू मात्र थिए । तब 'सिता खाएपछि गीता गाउनुपर्छ' भनेझैं राजा, महाराजा र वीरहरूलाई सर्वोच्च स्थानमा राखी आकाशपातालका कुरा जोडेर उनीहरूले इतिहास लेखे, कथाकहानीहरू कथे । त्यहाँ उनीहरूले इतिहासको मूल निर्माता नारी वर्ग र परिश्रमी वर्गका जनतालाई ओझेलमा पारे ।

हामी रामायणमै पनि त्यस्ता काल्पनिक कुराहरू प्रशस्त पाउँछौं–

सीता (जानकी) लाई जनकपुरमा राजा जनकले सुनको हलोले जोत्ता खेतमा पाएको भनिएको छ । यसको वास्तविकता सीता जन्मिएपछि तिनका बुबाले बच्चा स्याहार्न इन्कारेको हुन सक्छ । त्यसपछि तिनकी आमाले आफ्नो बच्चा (सीता) लाई कुनै एकान्त मन्दिर वा चौतारामा कुनै व्यक्तिले लगेर पालनपोषण गरून् अनि आफूले पनि सामाजिक बेइज्जती भोग्नु नपरोस् भनेर छोडेको हुनुपर्छ । अरू पनि थुप्रै ऋषिमुनि र वीरहरूलाई सूर्य, चन्द्र, गाई, हरिणले जन्माएको भनी शास्त्रहरूमा उल्लेख छ । वास्तवमा ती सबैका घटनाहरू सीताकै जस्तो हुनुपर्छ । यसबाट के कुरा प्रस्ट हुन्छ भने मानवसमाजमा प्राकृतिक समस्याले हजारौं वर्षअगि पनि अवैध (विद्यमान सामाजिक मूल्यमान्यताविपरीत) यौनसम्बन्ध हुँदो रहेछ र गर्भाधानपछि समाजबाट बच्न नारीहरूले विभिन्न उपायहरू अपनाउन बाध्य हुनुपर्ने रहेछ तर त्यस्ता घटनाहरूबाट पुरूषहरूचाहिँ चोखै बच्ने रहेछ ।

(क्रमशः)

# मैले देखेको बाइसौं विश्व सम्पदा :
# बर्लिनको पेरागामोन म्युजियम


सुरेन्द्र ढकाल




पेरागामोनको टेबल आकारको टावर



म्युजियमभित्र रहेको मस्ट्टा मोहोडा कला



म्युजियमभित्र रहेको अलेप्पो कोठा



म्युजियममा रहेको राजगद्दीसम्म पुग्ने इस्तिहार ढोका




पेरागामोन म्युजियमको प्रवेशद्वारमा सन् १९८८ मे मा सुरेन्द्र ढकाल

सन् १९८८ मे महिनामा बर्लिन आई जर्मन भाषा पढ्ने क्रम सुरू भयो ।एसिया, अफ्रिका र लैटिन अमेरिका गरी जम्मा हामी २५ जना विद्यार्थी थियौं ।नेपालबाट गएका म र मित्र हिरामणीले काठमाडौंमा नै विश्व भाषा क्याम्पसमा दुई वर्ष जर्मन भाषा पढिसकेको कारण हामी दुईलाई पश्चिम बर्लिनको गोथे इन्स्टिच्युटमा र अरूलाई बर्लिनस्थित जर्मन फाउण्डेसनको कक्षा कोठामा जर्मन भाषा सिकाइने प्रवन्ध मिलाइएको थियो तर बसाइ भने हामी सबैको त्यही फाउण्डेसनको माथिल्लो तलामा रहेको पाहुना कोठामा थियो र खाना खाने प्रवन्ध पनि त्यहीँ थियो । बर्लिन आएको पहिलो सप्ताहमा हामी सबैले बर्लिन पर्खाल हेरेर बितायौं भने दोस्रो सप्ताह अन्तमा हामीलाई बर्लिनको पेरागामो म्युजियम देखाउन लगियो ।

**पेरागामोन म्युजियम**

बर्लिनको म्युजियम टापु ९:गकभगm क्ष्कबिलम० मा रहेका म्युजियममध्ये पेरगामोन म्युजियम एक हो । यसको निर्माण सन् १९१० मा सुरू भई १९३० मा सम्पन्न भएको थियो । यसको डिजाइन आल्फ्रेमेस्सल र लुडभिग होफमानले गरेका थिए ।मध्यपूर्वमा पाइएका प्राचीन इस्लामिक वस्तुहरूका भग्नावशेष जस्तो पेरगामोन अग्लो टेवलाकारको टावर, वेविलोनको इस्तार ढोका, आलेप्पो कोठा र मिलेतस बजारको ढोका संकलन गरी यो म्युजियमभित्र सजाइएको छ । म्युजियमलाई अति प्राचीन वस्तुको संग्रह, मध्यपूर्वमा संकलन गरिएको वस्तु र इस्लामिक कला गरी तीन भागमा विभाजन गरिएको छ । प्रसियाका (जर्मनीको एकिकरण हुनुभन्दा पहिलेको नाम ) सम्राट फ्रेडरिकको पालामा सन् १९०४ मा म्युजियम टापु बनाइएको थियो जुन मध्यपूर्वका विभिन्न ठाउँहरू जस्तो वेविलोन, उरूक, आस्सुर, मिलेटुस, प्रियने, र प्राचीन इजिप्टमा उत्खनन गरी ल्याइएका पुरातात्विक वस्तुहरू प्रदर्शन गर्न पुग्ने थिएन । त्यसैले आलफ्रेड मेस्सेलले सन् १९०६ मा माथि भनिएका वस्तुहरूलाई सजाइ प्रदर्शन गर्ने गरी सन १९०६ मा तीनतिर चोसो निस्किएको भवनको डिजाइन गरे । तर सन् १९०९ सम्म यो भवन निर्माण हुन सकेन र उनको मृत्यु भएपछि यस भवन बनाउने जिम्मा अर्को आर्किटेक्ट लुडभिग होफमानको काँधमा आयो । उनले सन् १९१० मा यसको निर्माण कार्य सुरू गरे तर सन् १९१८ को प्रथम विश्वयुद्ध र सन् १९२० को विश्वव्यापी मुद्रास्फितिको कारण भवन निर्माणमा ब्यापक ढिलाइ हुन गई सन् १९३० मा मात्रै निर्माण सम्पन्न हुन गई म्युजियम सबैको लागि खुला गरियो । दोस्रो विश्वयुद्धताका बर्लिनमा भएको हवाई आक्रमणको कारण यो म्युजियमलाई नराम्ररी क्षति पुग्न गएको थियो । यसो हुँदा म्युजियममा संग्रहित वस्तुको सुरक्षा राम्ररी हुन सकेन । रसियन रेड आर्मीले केही लान सक्ने यस म्युजियममा रहेका वस्तुहरू रूस लिएर गए । सन् १९५८ सम्म पनि यस म्युजियमबाट गायव भएका वस्तुहरू पत्ता लाग्न सकेका थिएनन् भने रूस पुगेका वस्तुहरू फिर्ता भएनन् । ती वस्तुहरू अहिले पनि मस्कोमा रहेको पुस्किन र लेनिनग्राडमा रहेको हर्मिटेज म्युजियममा देख्न पाइन्छ । म्युजियममा रहेको अर्को विशेषता भनेको आलेप्पो कोठा हो ।सिरियाको आलेप्पोबाट ल्याइएको कोठा विचौलियाको काम गरे मनग्गे धन कमाएका ब्यक्तिले बनाएका थिए । यो अट्टोमोन साम्राज्यकालमा नै प्रसिया लगिएको थियो ।यहाँ गरिएका संग्रहहरूलाई हेर्दा यिनीहरू १६९८ तिर नै रोमा आर्किटेक्टले गरेका थिए । संग्रह गरिएका वस्तुहरूमा हेलेनिष्टक युगका मूर्तिहरू, ग्रीक अनि रोमन कालीन प्राचीन माटाका भाँडाकुँडा गरगहनाहरू, मोज्याक चित्रकलाहरू पर्दछन् । दोस्रो विश्वयुद्धपछि जर्मनीसँगै राजधानी बर्लिन पनि दुई टुक्रा हुँदा यो म्युजियमको केही वस्तुहरू पूर्वी बर्लिनमा पऱ्यो भने अरू केही वस्तुहरू पश्चिम बर्लिनको सारलोटन दरबारमा संग्रहित हुन पुग्यो । ८ औंदेखि १९ औं शताब्दिका बीच संग्रह गरिएका इस्लामिक वस्तुको अतिरिक्त यस म्युजियमको मुख्य आर्कषण भनेको मसट्टा मोहोडाकला हो जुन दरवारहरूको अगाडिको मोहोडा आर्कषक बनाउन प्रयोग गरिन्छ । यो मोहोडा कला सिंगै रूपमा जोर्डनको राजधानी अम्मान नजिकै रहेको मरूभूमिमा निर्मित दरवारको भग्नावशेषबाट उत्खनन गरी अट्टोमन सुल्तान अब्दुल हमिदले जर्मनीका सम्राट विल्हेम दोस्रोलाई उपहारस्वरूप दिएका थिए ।जर्मन पुरातत्वविदले उत्खनन गरी पत्ता लगाएको संरचनाभित्र इस्तर ढोका र यो ढोका हुँदै वेविलोनको गल्ली हुँदै राजाको गद्दी रहेको दरवारको मोहोडा पर्दछ र यसलाई म्युजियममा जस्ताको तस्तै राखिएको छ । विश्वका विभिन्न देशहरूबाट वार्षिक ५१ लाखभन्दा बढी पर्यटक पुग्ने यस म्युजियम जर्मनीको सबैभन्दा ठूलो म्युजियममध्ये एक हो र यो युनेस्कोको विश्व सम्पदा सूचीमा रहेको छ ।

## ग्रेटर नेपाल साप्ताहिकको सूचना

आफूलाई स्वघोषित ग्रेटर नेपालको अभियन्ता भन्ने केही व्यक्तिहरूले यस ग्रेटर नेपाल साप्ताहिक आफूले चलाएको भन्दै हिंड्ने गरेको जानकारीमा आएकोले यस पत्रिका विगत ६ वर्षदेखि सुरेन्द्र ढकाल प्रतिष्ठानको एकल लगानीमा प्रकाशित हुँदै आइरहेको जानकारी गराउँछौं । यसबाट कसैलाई पनि भ्रम नपरोस् भनी यो सूचना प्रकाशित गरिएको छ ।

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारक लागि हामीलाई सम्झनुहोस्
ISO 9001
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

Load-shedding No Problem
Solar-hybrid inverts are now available with heavy discount
Upto 15KVA
With 24 months Warranty
Sales & services of:
Laptop, Desktop, Printer & Fax, EPABX & Fittings, Inverter & Online UPS, Exide Batteries, Securities & Door Locks, CCTV Camera & Fittings, Biometric Devices & Fittings, Networking & Accessories etc.
B N COMPUTERS INTERNATIONAL
P. O. Box: 10904, New Plaza, Kathmandu, Nepal.
Tel.: 977-1-4444531, 4444532, Fax: 4444532
Cell: 977-9851051003, 9808869062
E-mail: crossweb@wlink.com.np,

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

Remember us for the Construction of Private and Public Works
EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

अनुशासन र नैतिकताविहीन व्यक्ति पशुभन्दा पनि तुच्छ हुन्छ । यसैले राष्ट्रिय जीवनका हरेक आयामहरूमा उदाहरणीय अनुशासन र नैतिकता कायम गर्न आजैदेखि आफैंबाट त्यसको शुरूवात गरौं
नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# राष्ट्रियताका सवालमा हामी अब्बल र फरक छौं

**कुमार वेल्वासे नेकपा (माले) का स्थायी कमिटी सदस्य तथा प्रवक्ता हुनुहुन्छ । पूर्वमन्त्रीसमेत रहिसक्नुभएका वेल्वासे नेकपा (माले) को तर्फबाट समानुपातिकतर्फका उम्मेदवार पनि हुनुहुन्छ । उहाँसँग चुनावी घोषणापत्रलगायतका विषयमा ग्रेटर नेपाल प्रतिनिधिले गरेको कुराकानी प्रस्तुत छ :**



**कुमार वेलवासे**

**नेकपा माले स्थायी कमिटी सदस्य तथा प्रवक्ता, समानुपातिकतर्फको उम्मेदवार प्रतिनिधिसभा**

**नेकपा (माले) पनि चुनावी मैदानमा प्रतिस्पर्धा गरिरहेको छ तर उम्मेदवारहरूले चर्चा पाउन सकिरहेका छैनन्, तपाईंहरूको अभियान कसरी अघि बढिरहेको छ ?**

हो हामी मुलुकभरका निर्वाचन क्षेत्रहरुमा प्रतिस्पर्धा गरिरहेका छौं । पार्टीका उम्मेदवार, नेता तथा कार्यकर्ताहरु प्रचार अभियानमा जुटिरहनुभएको छ । जहाँसम्म चर्चाको कुरा छ, त्यस्ता उम्मेदवारहरु मात्र प्रायजसो अहिले चर्चित छन् जसले प्रचारप्रसारमा करोडौं रकम खर्च गरिरहेका छन् । निर्वाचन आचारसंहिता विपरीत पैसा खर्च गर्ने र राज्यको स्रोत साधन दुरुपयोग गरेर चर्चा बटुल्नेहरुप्रति जनता सजग बन्नैपर्ने हुन्छ । निर्वाचन आयोगले पनि आचारसंहिताको पूर्ण रुपमा पालना गराउन सक्नुपर्छ । अन्यथा निर्वाचन निष्पक्ष बन्न सक्दैन, स्वच्छ छवि भएका राम्रो नीति, सिद्धान्त बोकेका पार्टीका उम्मेदवारहरुको चर्चा कम हुनु दुःखलाग्दो कुरा हो । यद्यपि हाम्रा उम्मेदवारहरु आफ्ना चुनावी एजेन्डाहरु बोकेर जनताको घरदैलोमा पुगिरहनुभएको छ र जनताबाट राम्रो रेस्पोन्स पाइरहेका छौं ।

**नेकपा (एमाले) र माओवादी केन्द्र जस्ता दुई ठूला वाम पार्टीबीच गठबन्धन बन्यो । उक्त गठबन्धनमा अन्य केही दलहरु पनि सहभागी बने तर नेकपा (माले) किन सहभागी भएन ?**

सबैभन्दा पहिला बुझ्नुपर्ने कुरा के छ भने यो गठबन्धन रातारात कसरी बन्यो । गठबन्धन निर्माण यिनै दलका नेताका पहलमा मात्र भयो या पर्दा पछाडि अर्कैको खेल रहेको छ । निश्चय पनि एमाले-माकेबीचको गठबन्धनका पछाडि नेपाललाई सदासर्वदा विदेशीको क्रिडाभूमि बनाउने तत्वको हात रहेको छ । छिमेकी भारत र अमेरिकाको नेपाली भूमि उपयोगको आआफ्नो स्वार्थ छन् । अमेरिका नेपाली भूमिको प्रयोग गर्दै चीन विरोधी गतिविधि गर्न चाहन्छ भने भारतको मिसन नेपाललाई सिक्किमीकरण गराउने दिशामा केन्द्रित छ । यी उद्देश्य पूरा गराउन आफू अनुकूलको सरकार बनाउने र भत्काउने खेल यिनीहरुले विगतदेखि खेल्दै आएका छन् र वर्तमानमा यो खेल अझ घनीभूत भएर गइरहेको छ । यसैको सेरोफेरोमा निर्माण भएको वाम गठबन्धनको सदस्य बन्नुअघि गम्भीरतापूर्वक सोच्नैपर्ने हुन्छ । हामीलाई पनि प्रस्ताव नआएको होइन, हामीले स्वीकार गरेनौं र वैकल्पिक राजनीतिक शक्तिको रुपमा प्रगतिशील लोकतान्त्रिक गठबन्धन निर्माण गरेर निर्वाचनमा होमिने निर्णय गऱ्यो । नेकपा (माले) र जनसमाजवादी पार्टी नेपालबीच नेकपा मालेको हँसिया तारा चिन्हमा संयुक्त रुपमा निर्वाचन लड्ने निर्णय गरी हामी चुनावी प्रतिस्पर्धा गरिरहेका छौं । प्रगतिशील लोकतान्त्रिक गठबन्धनले संयुक्त घोषणापत्र जारी गरेको छ । यो वैकल्पिक गठबन्धनले वामपन्थीलाई आपसी विश्वास, समझदारी र सहकार्यमा ल्याई देशको स्वतन्त्रता, सार्वभौम सत्ता, अखण्डता, राजनीतिक स्थिरता र आर्थिक समृद्धिको पक्षमा काम गर्ने उद्देश्य लिएको छ ।

**तपाईंले राष्ट्रियताको सवाल उठाउनुभयो, तपाईंहरूको प्रगतिशील लोकतान्त्रिक गठबन्धनले राष्ट्रियताका सवालमा कस्तो दृष्टिकोण प्रस्तुत गरेको छ ?**

नेकपा (माले) ले विगतमा पनि राष्ट्रियताका सवालमा सडकदेखि सदनसम्म संघर्ष गर्दै आइरहेको छ । नेपालको राष्ट्रियतामाथि भइरहेको चौतर्फी प्रहारप्रति देशभक्त शक्तिहरु संवेदनशील बन्नैपर्छ । हाम्रो गठबन्धनले जारी गरेको घोषणापत्रमा हामीले राष्ट्रियताको बारेमा स्पष्ट दृष्टिकोण प्रस्तुत गरेका छौं । राष्ट्रियताको सुदृढीकरणको लागि नेपाल भारतबीचको खुला सिमानालाई नियमन गर्दै दुवै देशका अध्यागमन कार्यालयहरुले सीमा वारपार गर्ने नागरिकहरुको विद्युतीय प्रणालीमा दर्ता अभिलेख राख्ने व्यवस्था अघि सारेका छौं । सुस्ता, कालापानी लगायत नेपाल र भारत सिमानाका विभिन्न स्थानमा रहेका विवादलाई विगतका सम्झौता र ऐतिहासिक प्रमाणका आधारमा समाधान गरिनुपर्छ । सीमा स्तम्भहरुलाई सुरक्षित र आवधिक गरिनेछ । सुगौली सन्धिद्वारा निर्धारित लिम्पियाधुरादेखि उदगमित महाकाली नदीको नेपाल भारत सिमानालाई कायम गर्न पहल गरिनुपर्छ । यस अन्तर्गत नै लिपुलेकसम्बन्धी विवादको टुंगो लगाइनुपर्छ । साथै दक्षिणी सिमानामा पानीको प्राकृतिक बहावलाई रोक्ने गरी बनाइएका संरचना हटाउन पहल गरिनुपर्छ । १९५० को सन्धिलाई समयानुकूल परिमार्जन गर्न सुरु भएको कार्यलाई सक्रिय रुपमा अघि बढाइनुपर्छ ।

यसैगरी ब्रिटिस भारत र नेपालबीच ४ मार्च १८१६ मा हस्ताक्षरित असमान सुगौली सन्धिलाई भारत र ब्रिटेनका सरकारहरुले खारेज गरिसकेको अवस्थामा उक्त सन्धिद्वारा तत्कालीन ब्रिटिस भारतमा गाभिएका नेपाली भूमिको हैसियत र तिनको फिर्तीसम्बन्धी अध्ययन अनुसन्धानलाई समेत प्रोत्साहन गर्ने नीति हामीले लिएका छौं । पञ्चशीलको सिद्धान्तमा अन्तर्राष्ट्रिय सम्बन्ध, एक चीन नीति र तिब्बत चीनको अभिन्न अंग भएको तथ्यलाई पूर्ण सम्मान गरिनेछ र चीन र भारतबीचका जाहेज संवेदनशीलता सम्मान गर्ने नीति हामीले लिएका छौं । एउटा मात्र छिमेकी मुलुकसँग रहेको परनिर्भरता हटाउन व्यापार पारवहनलाई विविधकरण गर्ने नीति हामीले लिउका छौं । राष्ट्रियताका सवालमा हामी अन्य पार्टीभन्दा अब्ब र फरक छौं ।

**तपाईंहरूले अन्य विषयमा के कस्ता चुनावी मुद्दाहरू अगाडि सार्नुभएको छ ?**

हामीले विस्तृत रुपमा सम्पूर्ण विषयलाई समेटेर घोषणापत्र जारी गरेका छौं । यहाँ सबै विषयको चर्चा गर्न त सम्भव छैन । मूल रुपमा हामीले आर्थिक स्वावलम्बनमा जोड दिएका छौं । अर्थतन्त्र धराशायी भएर मुलुक विश्वकै कंगाल बनेको छ । परनिर्भरता चरम रुपमा बढेको छ । बढ्दो परनिर्भरता र दलाल पुँजीपतिको विरुद्ध राष्ट्रिय पुँजी निर्माणको पक्षमा हाम्रो आर्थिक नीति केन्द्रित छ । सार्वजनिक क्षेत्र, सहकारी क्षेत्र र निजी क्षेत्र सम्मिलित मिश्रित अर्थतन्त्र रहने, राष्ट्रिय पुँजीको विकास गरिने, आयात प्रतिस्थापन तथा निर्यात प्रबर्द्धनका लागि उत्पादन बढाइने र स्वावलम्बनमा आधारित सामाजिक अर्थतन्त्र निर्माणको नीति हामीले अवलम्बन गरेका छौं ।

यसको अलावा वैज्ञानिक र व्यवस्थित भूउपयोग नीति, कृषि पर्यटन जलस्रोत उद्योग वाणिज्य यातायात, सञ्चार, स्वास्थ्य, पर्यावरण, महिला, बालबालिका, ज्येष्ठ नागरिक, उत्पीडित तथा विभेदमा पारिएका समुदाय, प्रवासी नेपाली, वैदेशिक रोजगार, शिक्षा, खेलकुद, भाषा संस्कृति लगायत विविध विषय हामीले लामो अध्ययन, अनुसन्धान र छलफलपछि वैज्ञानिक र परिमार्जित ढंगले घोषणापत्रमा समेटेका छौं । मुलुकको सिंगो मुहार परिवर्तन गर्न र आर्थिक क्रान्ति गरी समृद्धशाली मुलुकको सूचीमा अंकित गराउने दिशामा घोषणापत्र सबल छ । घोषणापत्र एकपटक अध्ययन गरिदिन म सबैमा हार्दिक अनुरोध गर्दछु ।

**निर्वाचनमा घोषणापत्र, नीति कार्यक्रम अध्ययन गरेर भन्दा मनि, मसलको प्रयोग गरेर मत तान्ने प्रवृत्ति बढेको देखिन्छ, यसमा तपाईं के भन्नुहुन्छ ?**

वास्तवमा निर्वाचनमा केही राजनीतिक दल र उम्मेदवार हरुले अत्यधिक मात्रामा खर्च गररहेका छन् । त्यसैगरी अपराधिक समूहको प्रयोगले निर्वाचन स्वच्छ, निष्पक्ष, पारदर्शी र मर्यादित बन्ने सिद्धान्तबाट टाढा गइरहेको छ । निर्वाचन विरोधीहरुले मच्चाएको चौतर्फी आतंकका कारण पनि भयरहित वातावरणमा निर्वाचन हुन सकिरहेको छैन । सरकार र निर्वाचन आयोग शान्तिसुरक्षा प्रदान गर्न र आचारसंहिता पालना गराउने काममा उदासीन देखिएका छन् ।

**तपाईं समानुपातिक तर्फको उम्मेदवार पनि हुनुहुन्छ, अन्त्यमा सम्पूर्ण मतदाताहरूलाई के भन्न चाहनुहुन्छ ?**

म सम्पूर्ण दाजुभाइ दिदीबहिनीहरुमा के अपिल गर्न चाहन्छु भने मतदान गर्दा विवेकको प्रयोग गरौं । हाम्रो मत भविष्यमा गएर राष्ट्रघात र भ्रष्टाचारको औजार नबनोस्, त्यसैले प्रगतिशील, लोकतान्त्रिक गठबन्धनका उम्मेदवारलाई विजयी बनाउन हँसिया तारा चिन्हमा आफ्नो अमूल्य मतदान गरौं ।

# मेरो उम्मेदवारी देश लुट्नेहरूका विरुद्ध हो



**चन्द्रप्रसाद श्रेष्ठ**

**नेकपा माले काठमाडौं क्षेत्र नं. १ का प्रदेशसभा उम्मेदवार**

**काभ्रेको धुलिखेलमा ५१ वर्षअघि तीर्थलाल श्रेष्ठ माकजु तथा गंगामायाको कोखबाट जन्मनुभएका चन्द्रप्रसाद श्रेष्ठ माकजु समाजसेवा तथा राजनीतिमा सक्रिय हुनुहुन्छ । एसएलसीसम्मको अध्ययनपछि पत्रिका पेसा व्यापार, व्यवसाय अँगालेका श्रेष्ठ विगत ३० वर्ष अघिदेखि काठमाडौंको बुद्धनगरमा बसोबास गर्दै आउनुभएको छ । विद्यार्थी कालदेखि नै राजनीतिमा चासो राख्ने श्रेष्ठ पछिल्लो चरणमा सक्रिय राजनीतिमा लाग्ने प्रेरणा माले पोलिटब्युरो सदस्य तथा वरिष्ठ समाजसेवी सुरेन्द्र ढकालबाट प्राप्त भएको बताउनुहुन्छ । मुलुकमा बढ्दो विकृति, विसंगति, भ्रष्टाचार, प्रदूषण जस्ता कुराको अन्त्य राजनीतिबाट मात्र सम्भव भएको ठहर गर्दै नेकपा मालेमा सक्रिय रहनुभएका श्रेष्ठ अहिले पार्टीको जिल्ला कमिटी सदस्य हुनुहुन्छ । नेकपा मालेको तर्फबाट काठमाडौं क्षेत्र नं. १ 'क' बाट प्रदेशसभाको प्रत्यक्षतर्फ उम्मेदवार बन्नुभएका श्रेष्ठसँग ग्रेटर नेपालका प्रतिनिधिले गरेको संक्षिप्त भेटवार्ता प्रस्तुत छ :**

**कस्तो चल्दैछ चुनावी अभियान ?**

अहिले म मतदाता भेटघाटमा व्यस्त छु, मैले भेटघाट गरेका मतदाताहरुले सकारात्मक जवाफ दिनुभएको छ । हामीले ठूला पार्टीले जस्तो पैसाको खोलो बगाएर तामझामका साथ प्रचार गर्न सकेका छैनौं ।

**दुई ठूला गठबन्धनको भिडन्त परिरहेका बेला तपाईंप्रति मतदाताले विश्वास गर्ने आधार के छ ?**

जनताले बुझ्नैपर्ने हुन्छ अहिलेसम्म राजनीतिमा सधैंभरि यिनीहरु नै हावी हुँदै आएका छन् र यिनै ठूला गठबन्धनका भनिएका पालैपालो सत्तामा बसेका छन् । अहिलेसम्म यिनीहरुले मुलुकलाई कस्तो बनाए भन्नेबारे बुझ्नुपर्छ । स्रोत साधनका दृष्टिकोणले विश्वकै सम्पन्न मुलुक भए पनि सत्तामा बस्नेहरुले गरेको भ्रष्टाचारका कारण हाम्रै देश विश्वकै कंगाल बनेको छ । त्यतिमात्र होइन, विश्वकै प्रदूषित र विश्वकै ठूलो व्यापार घाटा भएको मुलुक पनि नेपाल नै बनेको छ । युवा निर्यात गर्ने र चेलिबेटी बेचबिखन, महिला हिंसामा समेत नेपाल बदनाम बनेको छ । त्यसैले अहिले रातारात यिनै नेताहरुले छेपाराले रङ फेरे जसरी रङ फेर्दै मुलुकलाई स्वर्ग बनाउँछु, स्वीट्जरल्यान्ड बनाउँछु भनेर गफ गर्दा हामीले पत्याउने कि नपत्याउने ? जनताले विवेक प्रयोग गर्ने बेला आएको छ । धेरैचोटि ढाँटिएका, लुटिएका जनताले अब सच्चाइको ख्याल गर्ने बेला आएको छ । म जनता झुक्याउन आएको होइन, मलाई राजनीतिलाई पैसा बनाएर ठगेर खानु छैन । देश लुट्नेहरुका विरुद्ध मेरो उम्मेदवारी हो । त्यसैले जनताले अवश्य विश्वास गर्नु हुनेछ ।

**तपाईंको क्षेत्रमा के कस्ता समस्या रहेका छन् ?**

मेरो क्षेत्र भनेको काठमाडौंको सहरी क्षेत्र नै हो । घट्टेकुलो, अनामनगर, कालिकास्थान, बानेश्वर, बुद्धनगर, माइतीघर हुँदै भोटेबहालको केही भाग मेरो उम्मेदवारी भएको प्रदेश क्षेत्र नं. १ को 'क' अन्तर्गत पर्छ । यहाँको समस्या भनेको पनि अरु ठाउँको जस्तै हो । बाटोघाटो, खानेपानी, ढल निकास, शिक्षा, स्वास्थ्य, प्रदूषण नियन्त्रण जस्ता समस्या नै मुख्य हुन् । त्यसैगरी बढ्दो महँगीले आक्रान्त भएका सहरी जनतामा बेरोजगारी समस्या तीव्र छ । काम गर्ने उमेरका युवाहरु कि त विदेशमा छन् कि त लुँडो, क्यारामबोर्ड जस्ता खेलमा झुमिएका छन् । बेरोजगारी समस्याले युवाशक्तिमा नकारात्मक प्रभाव पारेर लागूपदार्थको कुलतमा पनि फसेका छन् । यस्ता अनगिन्ती समस्या रहेका छन् र यी समस्याको राज्यले गरेको बेवास्ताप्रति गम्भीर बन्दै म उम्मेदवार बनेको हुँ । म विजयी भएको खण्डमा अवश्य पनि समस्या समाधानको लागि इमानदारीतापूर्वक आवाज उठाउनेछु ।

**तपाईं अन्त्यमा आफ्ना मतदातालाई के भन्नुहुन्छ ?**

म सम्पूर्ण मतदाता दाजुभाइ दिदबिहिनीमा विनम्र निवेदन यो गर्छु कि नेकपा मालेले सम्पूर्ण कुराहरु घोषणापत्रमा उल्लेख गरेको छ । एक पटक घोषणापत्र पनि हेर्नुहोला । त्यसैगरी म यस क्षेत्रको बासिन्दा भएको र मलाई समस्या राम्ररी अवगत भएकाले एकपटक अवश्य सेवा गर्ने मौका दिनु नै हुनेछ । हँसिया तारा चिन्हमा मतदान गरी म लगायत पार्टीका अन्य उम्मेदवारहरुलाई समेत विजयी गराउनु हुन हार्दिक अनुरोध गर्दछु । तपाईंहरुको अमूल्य मतको पूर्णरुपमा कदर गर्ने विश्वास दिलाउँछु ।

# उम्मेदवारको लक्ष्य विजयी बन्नै नै हुन्छ

क.गोबर्द्धन खड्का काठमाडौं निर्वाचन क्षेत्र नं. ४ मा नेकपा मालेका तर्फबाट प्रतिनिधि सभा सदस्यका लागि उम्मेदवार हुनुहुन्छ । २०३६ साल असोज २८ गते काठमाडौंको तत्कालीन कपन गाविस वडा नं. ६ (हाल बूढानीलकण्ठ नगरपालिका ११) मा बुबा हरिबहादुर खड्का र आमा सुनिता खड्काका ज्येष्ठ सुपुत्रको रूपमा उहाँ जन्मनुभएको हो । उहाँले कपनकै ग्राम शिक्षा उच्च माविबाट एसएलसी गर्नुभयो । पारिवारिक कारणले उहाँले चाहँदाचाहँदै पनि उच्च शिक्षा अध्ययन गर्न पाउनुभएन । यद्यपि स्वअध्ययनले नै खड्कालाई एक बौद्धिक युवाको रूपमा चिनाएको छ । सानैदेखि शोषण दमन अन्याय र अत्याचार का प्रखर विरोधी खड्का युवा अवस्थामा बाम राजनीतिप्रति आकर्षित हुनुभयो । २०५९ सालमा क.खड्का माओवादी पार्टीमा लाग्नुभयो । एक लडाकु स्वभावको भएका कारण थुप्रै माओवादी युद्ध मोर्चामा उहाँले भाग लिनुभयो । तर माओवादी पार्टी जब शान्ति प्रक्रियामा आयो, त्यसपछि यस पार्टीमा पार्टीप्रति समर्पित लडाकुहरूको अवस्था युद्धकालको जस्तो महत्वपूर्ण रहेन । पार्टीका नेताहरूलाई भेट्न समेत नपाइने भयो । 'चेन अफ कमान्ड' भन्दै पार्टीकै लागि ज्यान अर्पित गर्ने नवयुवाहरूलाई नेतासामु पुग्न दिइएन । कार्यकर्ता र नेतामा यति फरक देखियो कि कार्यकर्ताहरू मानौं मान्छे नै होइनन् । माओवादी पार्टीले देशको आमूल परिवर्तन गर्नेछ भन्ने विश्वास नेताहरूको राजषि ठाँटले पत्याउन मुस्किल भयो । माओवादी नेताहरूले द्वन्द्वकालका कार्यकर्ताहरू र भूमिगत आश्रयस्थलहरू समेत बिर्सिएको देख्दा खड्काले नमिठो अनुभूति गर्नुभयो । अब माओवादी पार्टीले देश र जनताका लागि केही पनि गर्दैन भन्ने उहाँलाई लाग्यो । उहाँले माओवादी पार्टी परित्याग गर्नुभयो र नेकपा मालेमा प्रवेश गर्नुभयो । लो प्रोफाइलमा बस्न रूचाउने खड्कालाई पार्टीले सही मूल्यांकन गर्दै प्रतिनिधिसभा सदस्यको उम्मेदवार बनायो । उहाँ अहिले क्षेत्र नं. ४ मा घरदैलो अभियानमा हुनुहुन्छ । घरदैलो अभियानअन्तर्गत मतदाताका घर आँगनमा पुग्दा ४ नं. क्षेत्रका मतदाता नेकपा मालेप्रति आशावादी रहेको उहाँ बताउनुहुन्छ । कांग्रेसका गगन थापा र वाम गठबन्धनका राजन भट्टराईसँग चुनावी प्रतिस्पर्धा गरिहनुभएका माले उम्मेदवार खड्कासँगथ ग्रेटर नेपाल पत्रिकाले गरेको छोटो कुराकानी यहाँ प्रस्तुत छ :



**गोवर्द्धन खड्का**

उम्मेदवार निर्वाचन क्षेत्र नं. ४ प्रतिनिधिसभा सदस्य

**तपाईं किन वामपन्थी राजनीतिमा लाग्नुभयो ?**

वामपन्थीहरु मात्र आमूल परिवर्तनका बाहक शक्ति हुन् । मुलुकमा जुन युगीन परिवर्तन भएको छ र देश संघीयताको अभ्यासमा जाँदैछ, त्यो वामपन्थीहरु राज्य पक्षसँगको युद्धबाट सम्भव भएको हो । वामशक्तिबाहेक अन्य शक्तिहरु परिवर्तनकामी शक्तिहरु होइनन् । गणतन्त्र, संविधानसभा, धर्मनिरपेक्षता, समानुपातिक र समावेशिता जस्ता एजेन्डाहरु वामपन्थीहरुकै हुन् । देशमा कायम केन्द्रीकृत सामन्ती शासनको अन्त्य वामपन्थीहरुले नै गरेका हुन् । लोकतन्त्र श्रेय पनि वाम शक्तिहरुमै जान्छ । गरिब दुःखी जनताको पक्ष लिने वाम शक्ति भएकाले मैले वाम राजनीति रोजेको हुँ । युगान्तकारी परिवर्तनका लागि तत्कालीन माओवादी पार्टीमा लागेर मैले काम गरें । तर पछि माओवादी नेताहरुको व्यवहार मलाई मन पर्न छोड्यो । साना कार्यकर्ताहरुको त्यस पार्टीमा मूल्यांकन भएन र म माले पार्टीमा प्रवेश गरें । मैले नेकपा मालेको कार्यकर्ताको रुपमा काम गरेको पनि सात आठ वर्ष भइसकेको छ ।

**तपाईंले माले पार्टी नै किन रोज्नुभयो ?**

माले एउटा राष्ट्रवादी पार्टी हो । साम्राज्यवाद र विस्तारवादका विरुद्ध लड्ने यो एक मात्र वामपन्थी पार्टी हो । राष्ट्रिय स्वाधीनता स्वतन्त्रता सार्वभौमिकताको रक्षार्थ माले पार्टी लडिरहेकाले म मालेप्रति आकर्षित भएँ । भारतीय नाकाबन्दीका बेला राष्ट्रियताको चर्को आवाज उठाएको एमाले अहिले चुनावमा व्याज असुल्न खोज्दैछ । एमाले राष्ट्रवादी पार्टी यदि हुन्थ्यो त राष्ट्रघाती महाकाली सन्धिमा ल्याप्चे ठोक्ने थिएन । कांग्रेस त जमिन्दारहरुको सामन्तवादी पार्टी हो । यसप्रति रुचि लाग्ने त कुरै भएन । २०४६ सालमा प्रजातन्त्र पुनर्वहाली भएपछि प्रायशः सत्तामा रहँदै आएको कांग्रेसले देशलाई संसारकै गरिब र भ्रष्ट देशका रुपमा चिनाएको छ । भारतीय हैकमवादका विरुद्ध आवाज नउठाउने कांग्रेस र एमालेप्रति जनता चनाखो हुन आवश्यक छ । भारतले हाम्रो सिमाना मिचिरहेको छ । दशगजा क्षेत्रमा बाटो र बाँध बनाइरहेको छ । भारतीय बाँधहरुका कारण बर्सेनि तराई जलमग्न हुने गर्छ । तर कांग्रेस र एमाले भारतको पटक्कै विरोध गर्दैनन् । नेकपा मालेले भारतीय विस्तारवादको मिचाहा नीतिविरुद्ध सधैं आवाज उठाउँदै आएको छ ।

**क्षेत्र नं. ४ मा मालेको स्थिति कस्तो छ ?**

यस क्षेत्रमा मालेको स्थिति राम्रै छ । मालेले कांग्रेस र एमाले नेतृत्वको वामगठबन्धनसँग प्रतिस्पर्धी गर्दैछ । घरदैलोमा जाँदा जनताले माले पार्टीप्रति निकै अभिरुचि देखाएको मैले पाएको छु ।

**के तपाईं विजयी हुनुहुन्छ ?**

जुनसुकै उम्मेदवारको पनि लक्ष्य विजयी बन्ने नै हुन्छ । तर सबै उम्मेदवारले जित्दैनन्, जित एक जनाको हुन्छ । हार्न भनेर कोही पनि उम्मेदवार लड्दैन ।

**मतदाताहरूलाई तपाईं के भन्न चाहनुहुन्छ ?**

पुराना पार्टी र पुरानै अनुहार अब नरोज्नोस् । पुराना दल र पुराना नेताले देश र जनताका लागि के गरे ? गम्भीर भएर सोच्नोस् । नवयुवाहरुलाई अब काम गर्ने अवसर दिनुहोस् । हँसिया तारामा मतदान गरेर राष्ट्रियता र जनजीविकाको पक्षमा लड्ने पार्टी मालेलाई जिताउनोस् । आदरणीय मतदाताहरुमा मेरो यही आग्रह छ ।

## उम्मेदवार परिचय

# राजनीतिमा इमानदार मान्छेले नेतृत्व लिन जरूरी छ

काठमाडौंको बानेश्वरमा ५४ वर्षअगाडि वासुदेव ढकाल र रमादेवी ढकालको कोखबाट जन्मनुभएकी चञ्चल चाँदनी गौतमले विभिन्न क्षेत्रमा लामो अनुभव बटुल्नुभएको छ । मानविकीमा स्नातक तहको अध्ययनपछि कृषि मन्त्रालयमा ७ वर्षसम्म प्राविधिक सहायकको रूपमा काम गर्नुभएकी उहाँले सिलाइ प्रशिक्षकको रूपमा समेत ३ वर्ष बिताउनुभयो । २०५६ सालदेखि शिक्षण पेसामा आबद्ध रहँदै बोर्डिङ स्कुलहरूमा शिक्षिका र स्वयंसेवकको रूपमा १४ वर्षको समय व्यतित गरेपछि स्वतन्त्र ढंगले समाजसेवाको क्षेत्रमा सक्रिय रहँदै आउनुभएकी चाँदनी राजनीतिमा समेत जोडिन पुग्नुभएको छ ।

दाजु वरिष्ठ समाजसेवी सुरेन्द्र ढकालको नेतृत्वमा खोलिएको देशभक्त पर्यावरणीय सामाजिक मोर्चाबाट राजनीति आरम्भ गर्नुभएकी गौतम अहिले देपसा मोर्चा र मालेको एकीकरणपछि नेकपा (माले) को जिल्ला कमिटी सदस्य हुनुहुन्छ । प्रदेश नं. ३ बाट समानुपातिक उम्मेदवार समेत बनेर चुनाव प्रचारप्रसारमा सक्रिय रहँदै आउनुभएकी उहाँ राजनीतिमा लाग्नुको उद्देश्य मुलुक परिवर्तनका लागि भएको बताउनुहुन्छ । हाम्रो देश स्रोत साधनले सम्पन्न भए पनि विश्वको गरिब राष्ट्र भएर बस्न बाध्य हुनुको कारण राजनीति नै हो । असल मान्छे सत्तामा पुगेका भए पक्कै पनि देशको हालत अहिलेको जस्तो हुने थिएन भन्दै अब राजनीतिमा इमानदार मान्छेले नेतृत्व लिन जरूरी रहेको उहाँ बताउनुहुन्छ ।

मुलुकमा व्याप्त रहेको भ्रष्टाचारको अन्त्य हुनुपर्छ । महिला, बालबालिका र ज्येष्ठ नागरिकहरूका हितमा राज्यले विशेष कानुन बनाएर उचित संरक्षण प्रदान गरिनुपर्छ । सबै खाले भेदभावको अन्त्य गरी कानुनी राज्यको स्थापना गर्नुपर्नेमा उहाँ जोड दिनुहुन्छ । मुलुकमा व्याप्त बेरोजगारीका कारण लाखौं युवाहरू विदेशमा गएर पसिना बगाउन बाध्य हुनुपर्ने अवस्थाको अन्त्यका लागि स्वदेशमै उद्योगधन्दा स्थापना गरेर युवालाई रोजगारी दिई राष्ट्र निर्माणमा लगाउनुपर्ने धारणा उहाँ राख्नुहुन्छ ।

बढ्दो व्यापारघाटा अन्त्यका लागि कृषिमा आधुनिकीकरण, पर्यटन प्रबर्द्धन र जलस्रोतको विकासमा जोड दिनुपर्ने नीति राज्यले लिनुपर्छ । प्रदूषणरहित सहर बजारको निर्माण, स्वच्छ र हराभरा ग्रामीण वातावरण सबै खाले मानिसहरूले मिलेर बस्न सक्ने खालको समाज निर्माण गर्दै सुदृढ राष्ट्रियताबाट मात्र देश बन्छ भन्ने सोचसहित आफू नेकपा मालेको उम्मेदवार बनेको चञ्चल चाँदनी गौतमको धारणा रहेको छ ।

राष्ट्रियताको सुदृढीकरणको लागि नेपाल भारतबीचको खुला सिमानालाई नियमन गर्दै दुवै देशका अध्यागमन कार्यालयहरूले सीमा वारपार गर्ने नागरिकहरूको विद्युतीय प्रणालीमा दर्ता अभिलेख राख्ने व्यवस्था अघि सार्ने धारणा गौतमको छ । सुस्ता, कालापानी लगायत नेपाल र भारत सिमानाका विभिन्न स्थानमा रहेका विवादलाई विगतका सम्झौता र ऐतिहासिक प्रमाणका आधारमा समाधान गरिन जरूरी रहेको कुरा उहाँ बताउनुहुन्छ ।

सीमा स्तम्भहरूलाई सुरक्षित र आवधिक गरी सुगौली सन्धिद्वारा निर्धारित लिम्पियाधुरादेखि उदगमित महाकाली नदीको नेपाल भारत सिमानालाई कायम गर्न पहल गरिने आफ्नो पार्टीको धारणा रहेको उहाँ बताउनुहुन्छ ।

उहाँले यस अन्तर्गत नै लिपुलेकसम्बन्धी विवादको टुंगो लगाउन आवाज उठाउने बताउनुहुन्छ । साथै दक्षिणी सिमानामा पानीको प्राकृतिक बहावलाई रोक्ने गरी बनाइएका संरचना हटाउन पनि उहाँ पहल गर्ने बताउनुहुन्छ । १९५० को सन्धिलाई समयानुकूल परिमार्जन गर्न सुरू भएको कार्यलाई सक्रिय रूपमा अघि बढाउन जरूरी रहेको उहाँको तर्क छ ।

यी सबै समस्या समाधानका लागि आफूले उम्मेदवारी दिएकाले हँसिया, तारामा मतदान गर्न सबैसँग उहाँले अपिल गर्नुभएको छ ।



**चञ्चल चाँदनी गौतम**

प्रदेश नं. ३ समानुपातिक उम्मेदवार, नेकपा (माले)

प्रेरक

## जीवनमा हार्नु हुँदैन

स्वामी रामतीर्थको पहिले विदेश भ्रमण थियो जापान । उनी जहाजमा चढेर जापान जाँदै थिए । उनको छेउकै जहाजको सिटमा एकजना बूढा जापानी पनि सवार थिए । उनको उमेर त्यस्तै नब्बे वर्ष जतिको हुँदो हो । स्वामी रामतीर्थ भने भर्खर तीस वर्षमात्र पुगेका थिए । रामतीर्थले वृद्ध जापानीलाई नियाले । वृद्ध त चिनियाँ भाषा पो सिक्दै रहेछन् । हात लगलग काँपिरहेका जापानी बूढा चिनियाँ भाषा घोक्नमै व्यस्त थिए ।

संसारका भाषाहरूमध्ये चिनियाँ भाषालाई गाह्रो भाषा मानिन्छ । धेरै वर्षसम्मको मेहनतबाट मात्र चिनियाँ भाषामा कुनै पनि मान्छेले दख्खल राख्न सक्छ ।

रामतीर्थले मनमनै सोचे यो बूढाले यस्तो कठिन भाषा कति वर्षमा सिक्छन् होला ? दश वर्षमा या बीस वर्षमा । यिनी अहिले नब्बे वर्षको हाराहारीमा पुगेजस्ता छन् । आयु अब कति होला ? दश वर्षमा चिनियाँ भाषा जाने भने उनी सय वर्षका हुनेछन् । यति मेहनतसाथ सिकेको भाषाको उपयोग कहिले गर्लान् । उनीसँग जीवनको समय नै छैन ।

मनभित्रको खुल्दुली मेटाउन रामतीर्थले यी वृद्ध जापानीसँग सोधे- तपाईं कति वर्ष पुग्नुभयो ? वृद्ध जापानीले जवाफ दिए- ९० वर्ष । रामतीर्थले भने- तपाईं यो उमेरमा चिनियाँ भाषा सिकेर कहिले उपयोग गर्नुहुन्छ ?

रामतीर्थको कुरा सुनेपछि ती जापानी बूढाले भने यस्तै विचारले नै हिन्दुस्तानपछि परेको हो । जीवन भनेकै नयाँ कुराको प्रयोग गर्नु हो । जबसम्म मृत्यु हुँदैन तबसम्म मानिसले नयाँ कार्य गर्न छोड्नु हुँदैन । जीवनले होस खान र हार्न जान्नु हुँदैन । म मर्नु अघिसम्म नयाँ कुरा सिक्न चाहन्छु । अब बूढो भइयो, मर्ने बेला भयो भनेर केही नगरी बस्नु मान्छेको ठूलो गल्ती हो ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

व्यवसायमा लगानी बढाउनुपरे पनि लागेको मूल्य उठाउन सकिनेछ । अनियन्त्रित खर्चले मन पिरोल्न सक्छ । पछिका लागि केही वस्तु त्याग्नुपर्ने हुन सक्छ । चुनौतीका बाबजुद स्वाभिमान रक्षा गर्न सकिनेछ । लामो यात्रा गर्ने अवसर जुट्नुका साथै वैदेशिक क्षेत्र लाभदायक रहनेछ । कामको लागत बढ्न सक्छ । तत्काल फाइदा उठाउँदा पछिको लाभांश घट्न सक्छ ।

### बृष

मिहिनेतको प्रतिफल अरूले हत्याउने चेष्टा गर्नेछन् । काम सम्पादन भए पनि तत्काल आम्दानीको आशा नराख्नुहोला । शुभचिन्तकहरूको सुझावलाई बेवास्ता गर्दा दुस्ख पाइनेछ । लाभको अवसर मिले पनि तत्काल फाइदा लिंदा भविष्यमा नोक्सान हुन सक्छ । सद्विचारले अभिप्रेरित हुनेहरूलाई बिस्तारै लाभ हुनेछ । पछि फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ ।

### मिथुन

कामको सन्दर्भमा प्रतिष्ठित व्यक्तिहरूसँग सहकार्य गर्ने अवसर जुट्नेछ । दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ । विशेष भेटघाटले काममा उत्साह बढाउला । मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ । तर, विगतका कमजोरी बाहिर आउनाले समस्या पर्ला । अवसर प्राप्त भए पनि आफ्नैले काम बिगार्न सक्छन् । स्वार्थका लागि साइनो गाँस्नेहरूबाट सजग रहनुहोला ।

### कर्कट

मेहनत परे पनि भाग्यले राम्रै अवसर दिलाउनेछ । चुनौतीहरू स्वतः हट्नेछन् भने अवसर तथा सफलताले पछ्याउनेछन् । टाढिएका मित्रगण नजिकिनाले प्रसन्नता मिल्नेछ । सामाजिक काममा रुचि बढ्नेछ । आवश्यक पर्दा सहयोगीहरूको साथ पाइनेछ । अभाव हट्नुका साथै दाम, नाम र इनाम प्राप्त हुनेछ । धार्मिक अनुष्ठान र सेवामूलक कामले प्रतिष्ठा दिलाउनेछ ।

### सिंह

पहिलेका समस्या दोहोरिनाले अलमल बढ्न सक्छ । गोपनीयता बाहिरिनाले पनि केही समस्या आइपर्ला । काम बिग्रने भयले सताउनेछ भने न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ला । आम्दानी रोकिनाले योजना स्थगन हुन सक्छ । ठूलो भागको आशा राख्दा भएको वस्तुसमेत गुम्न सक्छ । कामको चाप बढ्नेछ । स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुऱ्याउनुहोला ।

### कन्या

सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ । उपहारले काममा उत्साह जगाउला । मित्रता र प्रेमको बन्धन कसिनेछ भने अतिथिको रूपमा सत्कार प्राप्त हुनेछ । पहिलेका कामबाट आम्दानी भइरहनेछ । व्यवसायमा पनि फाइदै हुनेछ । तर, आफन्तसँग असमझदारी एवं पतिपत्नीमा अविश्वास बढ्ने सम्भावना छ । यात्रा गर्दा धनमाल हराउन सक्छ, सचेत रहनुहोला ।

### तुला

बलजफ्ती गर्ने बानीले चुनौती निम्त्याउनेछ । ईर्ष्या गर्नेहरूले काममा अवरोध पुर्याउलान् । परिस्थितिले आकस्मिक खर्च बढाउनेछ । पहिलेका सहयोगीहरू प्रतिस्पर्धामा उत्रिएलान् । आफ्ना सामानमा अरूले दाबी गर्न सक्छन् । यात्रा गर्दा धनमाल सुरक्षामा ध्यान दिनुहोला । मिहिनेतले प्रतिफल दिलाउनेछ । चुनौती चिर्दै काम बनाउन सकिनेछ । शत्रुहरू पनि किनारा लाग्नेछन् ।

### वृश्चिक

शुभचिन्तकहरूले साथ दिनेछन् । लगनशीलताले राम्रै उपलब्धि दिलाउनेछ । प्रतिष्ठित काम गर्ने मौका छ । चिताएका काम बिस्तारै भए पनि सम्पादन हुनेछन् । पढाइलेखाइमा प्रगति हुनेछ । सेवामूलक कामबाट धनलाभ हुनेछ । सन्तान वा सहयोगीका माध्यमबाट काम बन्ने देखिन्छ । आफ्नो प्रतिभाको कदर हुनेछ । बौद्धिक प्रतिस्पर्धामा पनि अरूलाई उछिन्न सकिनेछ ।

### धनु

अरूको फाइदाका लागि उपयोग भइनेछ भने परिस्थिति आफ्ना लागि अलि प्रतिकूल बन्न सक्छ । अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ । टाढिएका आफन्त तथा साथीभाइ नजिकिन सक्छन् । लगनशीलताले प्रतिष्ठा जोगाउन सफल भइनेछ । दोहोर्याएर प्रयत्न गर्दा पहिले रोकिएको काम पनि बनाउन सकिनेछ ।

### मकर

परिस्थिति अलि संघर्षपूर्ण रहला । चिताएका काममा बेलैमा योजना बनाएर प्रारम्भ गर्दा फाइदा हुनेछ । बलजफ्ती गर्ने बानीले समस्या निम्त्याउन सक्छ । अप्ठ्यारो पर्दा मान्यजन तथा अग्रजहरूले साथ दिनेछन् । ईर्ष्या गर्नेहरूले सताए पनि अन्त्यमा परिस्थितिले आफ्नै पक्ष लिन सक्छ । प्रतिस्पर्धीहरूबाट अलि सजग रहनुपर्ला । आस मारेको नतिजा सकारात्मक हुनेछ ।

### कुम्भ

धेरै बोल्दा समस्या आउन सक्छ । केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । अरूको भरपर्दा काम प्रभावकारी नहुन सक्छ । हिसाबकिताबमा पनि विवाद आउन सक्छ । परिबन्धले समस्या निम्त्याउने देखिएकाले आफ्ना योजना गोप्य राखेर अघि बढ्नुहोला । सानोतिनो समस्या आए पनि नियमित काम बन्नेछ । आलोचकहरूलाई व्यवहारले समेट्ने प्रयास गर्नुहोला ।

### मीन

अवसर प्राप्त भए पनि परिस्थितिवश काममा बाधा होला । बेसुरको निर्णयले समस्यामा पुर्याउनेछ । आफ्ना कमजोरीमाथि टिप्पणी हुन सक्छ । तर प्रयत्न गर्दा स्थितिमा सुधार आउन सक्छ । शुभचिन्तकहरूको मनोभाव विचार गरेर अघि बढ्नुहोला । दोहोर्याएर प्रयास गर्दा रोकिएको काम बन्न सक्छ । आफ्नो सूचना बाहिरिने समय भएकाले गोपनीयतामा ध्यान पुर्याउनुहोला ।

# कविता

## "आहा चुनाव"



गोपीकृष्ण प्रसाईं

चुनावको संयन्त्रले लौ न यो के गर्यो
इन्द्रेणीकै रंग बोकी आशाको फल झर्यो
गाउँ बेंसी शहरमा उल्लास छाएको छ
लोकतान्त्रिक धुन बोकी चुनाव आएको छ !

कोइलीको गुन्जन मिठो मुरलीको धून
राम्रा नेता छान्दैछन् है जनता जनार्दनं
देशै भरि भोट दिने रौनक चल्या बेला
आफ्नो हक प्रयोग गर्न नगरौं अबेला !

संसार भरि ब्यालेट बाट नेता छान्ने चलन
स्वच्छ चुनाव भयो भने हट्छ सारा जलन
चाड पर्व झैं टोल टोल बाट मान्छे उठेका छन्
खुशी हुँदै प्रान्जल छवि छान्न जुटेका छन् !

घट्टेकुलो, डिल्ली बजार पाइलाहरु छिटा
नया' नेपाल बनाउने नारा मिठा मिठा
उमंग र उर्जा बोकी चलेको छ जुलुस
प्रदेश अनि राष्ट्रकोनै भाग्य फलोस् फुलोस् !

बन्छन अब मुख्यमन्त्री बन्छ प्रदेश सभा
स्थानीय एकाइहरू बलियो बनुन सदा
खर्च मात्र बढ्नु हुन्न बिकास देख्न पाइयोस
प्रदेश भित्र एकताको सन्देश सुन्न पाइयोस !

क्रीडा भूमि कसैकोनि बन्न दिनु हुन्न
आफ्नो पीडा अरूकोमा भन्दै हिड्नु हुन्न

प्रदेश पिच्छे फरक फरक स्रोत साधन राम्रा
आफ्नो प्रदेश बनाउनलाई जागे नेता हाम्रा !

पलायन यो जनशक्ति देशमा रम्न सकोस
यही धरतीमा युवा उर्जा संधै जम्न सकोस
सबै मिली समुन्नत राष्ट बनाउनुछ
ज्ञान भुमि बुध्द भुमि सबलाई चिनाउनुछ !

चुनावको रौनक मीठो जोशिलो छ भाषण
धेरै तिर पुग्छन नेता लामो हुन्न आसन
आकास पनि प्रफुल्ल छ चुनाव लाग्या होला
चुनावकै सन्देश बोकी बग्यो तमोर खोला !
प्रतिनिधि र प्रदेश सभा वन्ने निर्वाचन
निर्वाचनको जगमा टेकी आउंछ सुशासन
देशै जाग्या बेला हो कसलाई होला चैन?
अरू शीर्षक रोज्न मलाई फुर्सद पनि भएन !

## दु:खको सागर

● रामबहादुर श्रेष्ठ
संखुवासभा, हाल घट्टेकुलो

भव सागर यो दुःख सागर हो ।
जानी लिनु सबले हे मानव हो ।।
जन्मनु दुःख हो मर्नु दुःख हो ।
रोग व्याधि सबै दुःखैदुःख हो ।।

दुई दिनको घाम सयौं दिनको पानी ।
कस्तो दुःखी छ यो जिन्दगानी ।।
यो मेरो छोरा यो मेरो छोरी ।
जानु छ एक दिन सबैलाई छोडी ।।

आमाबाबु सबै दाज्युभाई ।
साथमा भएको आफ्नो स्त्रीलाई ।।
राम नाम बारम्बार जप्न लगाई ।
छोड्नैपर्ने कस्तो विडम्बना हाई हाई ।।

संसार हो यो कसले रचेको ।
छैन कोही यो दुःखबाट बचेको ।।
जति ठूलो महल बनाए पनि ।
त्याग्नैपर्ने हुन्छ एक दिन त नानी ।।

सम्पूर्ण मेरो प्यारो दाज्युभाइ ।
मेरो निवेदन हजुरहरु सबैलाई ।।
कुभावना मनमा पटक्कै नराखौं ।
सत्भावना सत्बुद्धि मात्र फैलावौं ।।

सत् कर्मले मात्र हुन्छ जीवन सुखी ।
दुःखसागरलाई सम्झी हुनु पर्दैन दुःखी ।।
गरौं आफ्नो भन्दा अरुको भलाइ ।
त्यागौं यो जिन्दगी महान् व्यक्ति कहलाई ।।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Swerve = उल्टो दिशातर्फ हुत्तिएर लाग्नु As the driver struggled to regain control of the wheel, the car swerved wildly (जब चालकले गाडीलाई आफ्नो नियन्त्रणमा लिन कोशिस गर्दै थिए गाडी भने अर्को दिशातर्फ हुत्तियो)

Transmute = वदल्नु Only the capable people can transmute their dreams into actualities (सक्षम मानिसहरूलेमात्रै आफ्ना सपनालाई यथार्थमा परिणत गर्न सक्तछन)

Unexceptionable = टिप्पणी गर्ने अवशर वा मौकानै नपाएको, खोट नभएको She said that she would marry a man of unexceptionable character (खोट नभएको वा कसैले चरित्रमा दाग नलगाएको मानिससंगमात्र विवाह गर्छु भन्छिन तिनी)

Visceral = भित्रि She has visceral pain whenever she does physical labor (शारिरिक काम गर्ने वित्तिकै उन्लाई भित्रि दुखाइले पोल्छ )

Willful = सुनियोजित The death of her husband was not a natural rather a willful murder (उन्को लोग्नेको मृत्यु प्राकृतिक नभै सुनियोजित षडयन्त्र थियो )

Abate = कमहुनु, We had to wait for the storm to abate (आधिंवेरी कम नहुन्जेल हामीलाई पर्खनुपऱ्यो)

Baleful = डरलाग्दो, The fortune teller made a baleful prediction of terrible events to happen, (भविष्यवष्यवेत्ताले अनिष्ट घट्ना घट्ने भविष्यवाणी गरे)

Cache= लुक्ने वा लुकाउने ठाउ The police followed the suspect upto cache where he had stored his loot (प्रहरिले शंकास्पद व्यक्तिलाई उस्ले लुटेका वस्तुहरू लुकाउने ठाउसम्मै पिछा गर्‍यो)

Dank= ओसिलो The walls of the dungeon were dank and slimy (जेलको भूमिगत तलाको भित्ताहरू ओसिलो र काई जमेको थियो)

Ecstasy = खुसिले उन्मत्त हुनु When Sita received her confirmation from Germany, she was in ecstasy (जर्मनीबाट कन्फरमेसन आएकोमा सिता खुसिले उन्मत्त भइन)

Fanciful= काल्पनिक A fanciful scheme neglects the facts (काल्पनिक योजनाले तथ्यहरूको वेवास्ता गर्दछ)

## सामान्य ज्ञान

चालकले रक्सी पिए नपिएको जाँच्ने यन्त्रलाई के भनिन्छ ?
- ब्रैथलाइजर

बिरूवाको जरा बढेको नाप्ने यन्त्रलाई के भनिन्छ ?
- एक्जामिटर

टेलिफोनको आविष्कार गर्ने व्यक्ति को हुन् ?
- ग्रामवेल

सिफिलिस रोगको औषधि आविष्कार गर्ने वैज्ञानिक को हुन् र कुन देशको हुन् ?
- पौल इर्नटीच, जर्मन

५ वटाभन्दा कम बच्चा जन्मायो भने सजाय दिने व्यवस्था कुन देशमा छ ?
- इराक

मात्रै एक खेलको एक लाख डलर लिने खेलाडी को हुन् र कुन देशका हुन् ?
- डियागो म्याराडोना, अर्जेन्टिना

'ज्ञान एउटा शक्ति हो' कसको भनाइ हो ?
- हबिज

त्यो सानो तिज होइन तर सानै चीजबाट जन्मन्छ त्यो के हो ?
- क्रान्ति

उपराष्ट्रपति पदमा रहेर राष्ट्रपति पदमा उम्मेदवार हुनेहरूमा विजय हुने विश्वको प्रथम व्यक्ति को हुन् र कुन देशको हुन् ?
- जर्ज बुश, अमेरिका

उत्तर कोरियाको मुद्रालाई के भनिन्छ ?
- वन

४० मिल लामो गेट (ढोका) कुन देशमा छ र त्यसको नाम के हो ?
- पूर्वी जर्मनी, वाडेनवग गेट

ब्रुनाइ देशको राष्ट्रिय नाम के हो ?
- स्टेट अफ ब्रुनाइ

## फरक थाहा पाई राख्नुहोस्

Illicit = निषेध गरिएको He is taken in custody for illicit trafficking of drug निषेध गरिएका लागुपदार्थको ओसार पसार गरिएकोमा उस्लाई हिरासतमा राखिएको छ ।

Elicit = वाहिर निकाल्नु । प्रस्तुत गर्नु He elicited his idea in a very professional manner उस्ले दक्ष तरिकाबाट आफ्नो विचारधारा प्रस्तुत गर्‍यो ।

Imaginary = काल्पनिक His ideas are always imaginary and thus neglect the reality उस्का विचारधाराहरू यथार्थ भन्दा वढी काल्पनिक छन् ।

Imaginative = सृजनशील Being an imaginative child he is appreciated everywhere श्रृजनशील वच्चा भएको हुंदा उस्को जताततै प्रशंशा हुन्छ ।

Immanent = भित्र रहनु Some people believe that god is immanent everywhere (कोही मानिस जे कुराको भित्र पनि इश्वर हुन्छ भन्ने कुरामा विश्वाश गर्दछन)

Imminent = छिट्टै आएर वा भएरै छाडने In view of his policy failure, the resignation of the prime minister is imminent (नीतिगत कुरामा असफल भएको हुंदा प्रधानमंत्रीको राजिनामा छिट्टै आएरै छाड्छ )

Eminent = नाम चलेको He is an eminent writer of his time -उ आफ्नो वेलाको नाम चलेको लेखक हो )

Premature = अविकशित । समय नपुगिकन Because of premature birth, the weight of new born baby is low (समय नपुगिकनै जन्मेको हुंदा वच्चाको तौल ज्यादै कम छ )

Immature = अपरिपक्व He looks immature even if he is thirty years old तीस वर्ष पुगेको भएता पनि अझै उ अपरिपक्व देखिन्छ ।

Impunity = दण्डबाट छुट One can not break the law with impunity दण्डित हुंदैन भनेको भरमा कसैले पनि कानूनको उलंघन गर्नु हुंदैन ।

Immunity = सुविधा वा छुट Diplomats have various immunities and privileges कुटनैतिक मानिसहरूलाई विभिन्न किसिमका छुट र सुविधा दिइएको हुन्छ ।

## सुडोकु-अंक ७९

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | १ | | ८ | | ६ | | ४ | ५ |
| ३ | | | | १ | | | | ६ |
| | ९ | | | | | | ८ | |
| ९ | | | ७ | | २ | | | ८ |
| | | ४ | | | | ७ | | |
| २ | | | ९ | | १ | | | ३ |
| | २ | | | | | | ९ | |
| ५ | | | | ९ | | | | ४ |
| ४ | ६ | | १ | | ३ | | ५ | २ |

## अंक ७८ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | ३ | २ | १ | ७ | ४ | ६ | ५ | ८ |
| ८ | ५ | १ | २ | ३ | ६ | ९ | ७ | ४ |
| ४ | ७ | ६ | ९ | ५ | ८ | ३ | १ | २ |
| ७ | ६ | ५ | ८ | ४ | ३ | १ | २ | ९ |
| १ | ४ | ३ | ५ | २ | ९ | ८ | ६ | ७ |
| २ | ९ | ८ | ६ | १ | ७ | ५ | ४ | ३ |
| ५ | १ | ७ | ३ | ८ | २ | ४ | ९ | ६ |
| ३ | २ | ९ | ४ | ६ | १ | ७ | ८ | ५ |
| ६ | ८ | ४ | ७ | ९ | ५ | २ | ३ | १ |

# बाल विकासका विविध कार्यक्रम

















### सहकर्ताहरूको लागि ४ दिने तालिम सम्पन्न

बाल विकास समाज र सेभ द चिल्ड्रेनको साझेदारीमा काभ्रे जिल्लाको रोशी १,२,५,७ र ८ मा संचालन हुन लागिरहेको स्वरोजगार शिक्षा कार्यक्रम अर्न्तगतका सहजकर्ताहरूको लागि सहजिकरण सिप सम्वन्धि ४ दिने तालिम सम्पन्न गरियो । तालिम मिति २०७४ मंसिर २ गते शनिबार देखि ५ गते मंगलबारका दिन सम्म सन्चालन भएको थियो तालिमको पहिलो दिन बाल विकास समाजको बारेमा जानकारी बाल विकास समाजले गर्ने कामहरूको बारेमा जानकारी तथा सेभ द चिल्ड्रेनको बारेमा विस्तृत जानकारी तथा परिचय गरिएको थियो साथै तालिमा स्वरोजगार कक्षा संचालन विधी,चरणहरूको बारेमा विस्तृत रूपमा सिकाइएको थियो भने अन्य विषय बस्तु जस्तैः प्रौढ कक्षा र स्वरोजगार कक्षाको भिन्नता औपचारीक र अनौपचारीक कक्षाको भिन्नता,स्वरोजगार कक्षामा महिलाहरूले गर्ने बचत, समुह व्यबसाय, सहजकर्तामा हुनुपर्ने गुण, सहाजकर्ताको भुमिका, बालअधिकार, बालश्रम, सहयोग र समन्वय, समुहलाई दिगो र प्रवाकारी बनाउन समुह सदस्यको भुमिकाको बारेमा सहजीकरण गरिएको थियो । तालिममा बाल विकास समाजका कार्यक्रम व्यबस्थापक प्रदिपकुमार श्रेष्ठ र बाल विकास समाजका सिनियर कार्यक्रम सुपर भाईजर रन्जना गौतमले सहजीकरण गर्नु भएको थियो । जसमा काभ्रे जिल्लाका ७ जना सहजकर्ताहरूको उपस्थिीती रहेको थियो। तालिम पश्चात कक्षामा गएर सहभागीहरूलाई सिकाउने क्रममा अफ्ठयारो नहोस् भन्ने उदेश्यले सहजकर्ताहरूलाई तालिम हलमा नै अभ्यास गराउँदै सिकाईएको थियो । तालिममा उपस्थित सहजकर्ताहरूले पहिले गाउँमा प्रौढ कक्षा संचालन गरिसकेको हुँदा उनिहरूले स्वरोजगार कक्षा पनि प्रौढ कक्षा जस्तै तरिकाले संचालन गर्ने बुझेका थिए तर तालिमको दोस्रो दिन बाटनै उनीहरूले बुझि सकेका थिए प्रौढ कक्षा र स्वरोजगार कक्षामा निकैनै भिन्नता छ भन्ने कुरा तालिममा उपस्थित सहजकर्ताहरू निकैनै उत्साहित भएर सहभागी भएका थिए । सहजकर्ताहरूको भनाई अनुसार तालिममा सिकेका कुरालाई कक्षामा गएर उर्तानु र पिछडिएका महिलाहरूलाई परिर्बतन गर्नु सजिलो कुरा नभएको बताएका थिए ।

### बालबालिकाको लागी खाजा कार्यक्रम

बाल विकास समाजले आफ्नो स्थापना काल देखिनै श्रमिक, सुविधाविहीन तथा जोखिममा रहेका नेपाली बालबालिकाहरूको क्षेत्रमा काम गर्दै आइरहेको छ । न्यून आर्थिक स्थिती भएका, पिछडिएका समुदाय, दैनिक ज्यालादारीमा काम गर्ने, विपन्न वर्गका, श्रमक्षेत्रमा काम गर्ने अभिभावकका बालबालिकाकोबाल अधिकार र बाल विकासको प्रत्याभूति दिलाउने, बालश्रम न्युनिकरण गर्ने, उचित लालन–पालन तथा स्याहार सुसार बारे बाबुआमालाई व्यवहारिक ज्ञान दिनुका साथै श्रमिक आमा बाबुहरूलाई बच्चा बोकेर काम गर्नु पर्ने बाध्यता तथा दाइ दिदीले भाइ बहिनी हेरेर बस्दा विद्यालय जान नपाउने अवस्था हटाउन सहयोग पुर्‍याउने अवधारणा अनुसार यस समाजलेदिवाशिशु स्याहार कार्यक्रम गर्दै आइरहेको छ । बालबालिकाहरूको शिक्षा, स्वास्थ्य र जनचेतनामूलक क्षेत्रमा संस्थाले प्रत्यक्ष रूपमा सहयोग पुर्‍याउने उद्देश्यले संचालन गर्दै आइरहेको यस कार्यक्रम हाल धादिङ र काठमाण्डौमा गरी २ वटा जिल्लामा संचालित छन् । साथै उक्त केन्द्रमा आउने बालबालिकाको लागि संस्थाले खाजाको पनि व्यबस्था गरिएको छ । बालबालिकालाई खाजा तालिका अनुसार दैनिक फरक फरक खाजा खुवाउने गरिन्छ । बालबालिकालाई खाजा खुवाउन दातृ संस्था वा अरू कसैको पनि भर पर्न नपरोस् वा दातृ संस्थाले सहयोग नगरेको अवस्थामा पनि केन्द्रमा आउने बालबालिकाले खाजा खानबाट बञ्चित हुन नपरोस् भन्ने उदेश्यले यस खाजा कार्यक्रमलाई"बालबालिकासंग खाजा खाऔ कम्तिमा एक दिन सामाजिक उत्तरदायित्व वहन गरौ" भन्ने नाराका साथ अभियानको रूपमा संचालन गरिएको छ । हाल यस अभियानमा बाल विकास समाजका बोर्डका सदस्यहरू, बाल विकास समाजका कर्मचारीहरू,



अन्य संघ संस्था तथा समाज सेवीहरूको सहभागीता रहेको छ ।

विषेशगरी आफना आफन्त, आमा, वुवाहरूको तिथी श्राद, कुनै अवसर खुसियाली, जन्मदिनको अवसर पारेर केन्द्रमा रहेका बालबालिकालाई खाजा खुवाउने चलन रहेको छ । यसै क्रममा मिति २०७४मंसिर१० गते आइतबारकादिन हाल अमेरीकामा रहनुहुने समाजसेवी श्री बन्दना भट्टराईज्युले बाल विकास समाजको भवनमा संचालन भईरहेको दिवा शिशु स्याहार केन्द्रका ३८जना बालबालिकाहरूलाई खाना खुवाउनु भएको थियो ।साथै उक्त दिन वाहाँले बाल विकास समाज मार्फत १ जना बालिकालाई १० बर्षको लागि छात्रबृत्ति पनि प्रदान गर्नु भएको थियो साथै आफुले सहयोग गरेको बालिकासंग भेटी कुराकानी पनि गर्नु भएको थियो । बालिकालाइ १० बर्ष सम्म पढाउनको लागि वाहाँले बाल विकास समाजलाई एक लाख रूपैया पनि हस्तान्तरण गर्नु भएको थियो ।

**प्रस्तुतिः रन्जना गौतम**

## भारतीय...

नेपालको राजनीतिलाई भारतले डोऱ्याइरहेको छ । भारतीय मध्यस्थतामा तत्कालीन माओवादी र सात संसदीय दलबीच सम्झौता भएको थियो । सम्झौताको बुँदामा पूर्णलोकतन्त्र उल्लेख गरियो, जसको अर्थ गणतन्त्र थियो । भारतीय दबाबमा नेपालका राजनीतिक दलहरुले जनमतसंग्रह जस्तो लोकतान्त्रिक विधि नअपनाई आफूखुसी राजतन्त्रको अन्त्य र गणतन्त्रको घोषणा गरे ।

पहिलो संविधानसभा निर्वाचनपूर्व तराईमा गृह मन्त्रालयले टेबल राखेर आप्रबासी भारतीयहरुलाई नेपाली नागरिकता बाँड्यो । दोस्रो संस्करणको संविधानसभा चुनावअघि पनि यसरी नै नागरिकता बाँडियो । ४५ लाख बढी भारतीयहरुले नेपाली नागरिकता पाइसकेका छन् । नाकाबन्दीताका भारतीय गृहमन्त्री राजनाथ सिंहले तराईमा १ करोड भारतीय रहेको बताएका थिए ।

तराईमा आउने र जग्गा घरहरु खरिद गर्ने काममा भारतीयहरुले तीव्रता दिइरहेका छन् । नागरिकताको प्रावधानलाई अझ खुकुलो बनाउन भारतले संविधान संशोधनका लागि दबाब दिइरहेको छ । जनआन्दोलन ०६२।६३ मा संघीयताको आवाज उठेको थिएन । तर ०६४ को मधेस आन्दोलनमार्फत भारतले संघीयताको एजेन्डा नेपालको आन्तरिक संविधानमा विधिवत प्रवेश गराउन सफलता पायो । आफ्नो सत्ता जोगाउन तत्कालीन कांग्रेस सभापति समेत रहेका गिरिजाप्रसाद कोइरालाले एक मधेस एक प्रदेश दिन मधेसी दलहरुसँग सहीछाप गरे । त्यसको पीडाले देश अहिले पनि आक्रान्त छ ।

अब भारतले खासगरी राजपामार्फत मधेस एक अलग राष्ट्र भएको व्याख्या सार्वजनिक गर्न लगाएको छ । अर्कोतिर कांग्रेस, तमलोपा र संघीय फोरमका उम्मेदवारलाई आसन्न निर्वाचनमा बहुमतका साथ जिताएर संविधान संशोधन गर्ने नेपथ्य खेलमा भारत लागिरहेको छ । हिन्दी भाषालाई राष्ट्रभाषा बनाउने, अंगीकृत नागरिकतावालालाई विशिष्ट संवैधानिक पदमा पुग्ने आधार तयार गर्न भारतीय खुफिया एजेन्सी रअले भारतपरस्त दलहरु कांग्रेस, राजपा, तमलोपा, संघीय फोरम खेलिरहेको छ । नेपाली कांग्रेस संविधान संशोधन पक्षधरको दुईतिहाई पुऱ्याएर भारतीय चाहनाअनुरुप संविधान संशोधन गर्ने देशघाती तयारीमा देखिएको छ ।

अर्कोतर्फ राष्ट्रिय जनता पार्टी नेपालले आफ्नो घोषणापत्रको प्रस्तवनामै तराईलाई अलग राष्ट्र भनेर व्याख्या गरेको छ । घोषणापत्रमा भनिएको छ- नेपालको दक्षिणतिरको समथर भूमिमा मधेसी थारु दलित जनजाति र मुस्लिम शतप्रतिशत नेपाली हुन् तर ती सामुहिक रुपमा आफैंमा एक राष्ट्र पनि हो, जसको निश्चित भूगोल, समान जीवन पद्धति संस्कृति सभ्यता एवं मनोविज्ञान छ । घोषणापत्रमा अगाडि उल्लेख छ- भारतको दार्जिलिङ सिक्किम आदिमा बस्ने खस भाषाभाषी हुन् वा नेपालमा बस्ने खस भाषाभाषी संस्कृति विचार एवं चालचलनका आधारमा एकै राष्ट्र हुन् तर तिनीहरुको देश फरक छ । यसरी राजपाले मधेस बेग्लै राष्ट्र भएको देशघातक व्याख्या गरेको छ । तराईलाई मधेस राष्ट्र बनाएर जिन्ना बन्ने महन्थ ठाकुरको सपनालाई कांग्रेसले साथ दिइरहेको छ । अलगाववादी ठाकुर र बहुराष्ट्र पक्षधर उपेन्द्र यादवलाई जिताउन कांग्रेसले उम्मेदवारी नदिएर सहयोग गरिरहेको छ । ठाकुर तिनै व्यक्ति हुन् जसले १५ कात्तिक २०७२ मा सरकारलाई बुझाएको ११ बुँदे मागको ११ औं बुँदामा नेपाललाई बहुराष्ट्रका रुपमा व्याख्या गरेका थिए । त्यसपछि प्रमुख दल र राष्ट्रपतिसँगको हरेक छलफल र बहसमा हरेक पटक ठाकुरले मधेसलाई एक राष्ट्रको रुपमा व्याख्या गर्दै आएका छन् । राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष नै ठाकुरले मधेस धेरै दिन नेपालसँग बस्न नसक्ने धम्की दिएका थिए । तराईलाई पहाडसँग अलग गराएर एक मधेस राज्य बनाउने राजपाको जोड भारतीय निर्देशनमै हुँदै आएको स्पष्ट छ ।

## सानालाई...

पैसा वितरण गरेको जानकारी समेत प्राप्त भएको छ । भोट किन्न पैसा लगानी गरे पनि त्यहाँका जनता सचेत भएको स्थानीय व्यक्तिले बताएका छन् । चुनावको बेला बाटो बनाउन डोजर घुमाउने, विभिन्न मठमन्दिरलाई नगरपालिका, महानगरपालिकादेखि रकम निकास गरेर उम्मेदवारले दिएको भन्ने बनाउने जस्ता कामहरु भइरहेका छन् । भोट किनेर राजनीति गर्नेहरुले भोलि गएर भ्रष्टाचार गरी देशलाई फेरि पनि विकृत बनाउन सक्ने चिन्ता सर्वत्र बढेको छ । गाउँघर मात्र नभएर सहरी क्षेत्रहरु समेत झन्डा र पोस्टरले भर्ने काम गर्नेहरुलाई आचारसंहिता आकर्षित हुन्छ हुँदैन प्रश्न गम्भीर रुपमा उठेको छ ।

## देउवा...

राप्रपासँग गठबन्धन बनाएपछि राप्रपाको सिद्धान्तलाई देउवाले पनि पछ्याएका छन् । विगतमा प्रचण्डलाई पछ्याएर हिन्दू राष्ट्र खारेज गर्न लालमोहर लगाएका देउवा अहिले कमल थापालाई पछ्याएर हिन्दू राष्ट्रको पक्षमा उभिएका छन् ।

## डीजी...

ठूला सडक आयोजना प्रमुखलाई बोलाएको । अहिले पनि देशका विभिन्न स्थानबाट बोलाइएका ७ जना डिइहरु राजधानीमा रहेका, चुनावमा खडा भएका सबै दलका ठूला नेतालाई रु. २५-३० लाखका दरले उपलब्ध गराएको, मंसिर १३ गते बिहान एमाले धादिङको नेता गंगालाल तुलाधरलाई सडक विभाग महानिर्देशकको कार्यालयको गोप्य कक्षबाट रु. ३० लाख उपलब्ध गराएको, कर्णबहादुर रानाभाटलाई मध्यपहाडीमा ३ वर्ष पूरा हुँदा पनि सरुवा नगरी करोडौं लिएर थमौती गरेको, यो पदमा सबै आउन खोज्छन् पैसा खुवाएरै आउने हो भन्दै कर्णबहादुर रानाभाटले सार्वजनिक रुपमै बोल्दै हिँडिरहेको । यी तथ्यहरुले महानिर्देशक सिग्देलको भ्रष्ट चरित्र स्वतः प्रमाणित भएको छ ।

## जसको...

भ्रमणमा आउने पर्यटकबाट खोलिने सम्भावना प्रचुर मात्रामा रहेकाले भ्रम फैल्याउनेका विरुद्ध अरिंगाल शैलीमा खनिन जरुरी छ । सन् १९९२ देखि १९९५ मा मायादेवी मन्दिर परिसरमा गरिएको उत्खननका क्रममा बेलायती र नेपाली पुरातत्वविदको टिमले भगवान् गौतम बुद्ध नेपालमा जन्मिएका हुन् भन्ने पुष्टि गर्ने शिलालेख फेला पारेका थिए जुन प्रमाणलाई अकाट्य मानिन्छ । त्यसैले दलाई लामाहरु भुक्नुको कुनै अर्थ छैन । हुन त उनी भारतको सिता खाइरहेकाले उतैको गीता गाएका होलान्, गान्धीले भनेका थिए- 'जैसा अन्न वैसा मन' भनेर अवश्य पनि धर्म गुरु लामाको पनि भारतको अन्नको करामतले दिमाग विकृत बनाएको हुन सक्छ ।

## धन र...

एमाले जिल्ला कमिटी झापाको कार्यालयमा पियन जागिर पाए उनले । आफूसँगै काम गरेका साथीहरुको आदेशको तामेलीबाट सायद थाके उनी । जागिर छोडेर पुजारी बने । उनको मजबुरीलाई कतिले पापकटनीको उपाय पनि सायद भन्लान् तर पुजारी बन्नु दुर्गाका लागि मेडिटेसन गर्नु हो भनेर बुझ्न सकिन्छ । एमाले राजनीतिको खेलाबैला भन्दा टाढा ईश्वरी ध्यानमा लीन दुर्गाको नाम एमाले कार्यकर्ताको सूचीबाट समेत कट भइसकेको छ । दुर्गा त एक दृष्टान्त मात्र हुन् झापा आन्दोलनका खुँखार लडाकु हर्कबहादुर खड्काले माओवादी हुन बाध्य हुनुपऱ्यो । लीला कट्टेल, श्रीराम गिरी अन्ततः ओशो संन्यासी भएका थिए । नेपाली नेल्सन मण्डेलाको उपनाम पाएका मोहनचन्द्र अधिकारी एमालेसँग विरक्तिएर खुलामञ्चमा धार्मिक कार्यक्रममा सरिक भएको सबैले देखेकै हो ।

जम्काभेट

# ठूला दलहरूले आचारसंहिता उल्लंघन गरेका छन्

**राजकुमार बिष्ट चर्चित युवा समाजसेवी तथा राजनीतिज्ञ हुनुहुन्छ । नुवाकोटको तलाखुमा ४१ वर्षअघि ज्ञानबहादुर र रूकु विष्टको कोखबाट जन्मनुभएका विष्ट एसएलसीसम्मको अध्ययनपछि काठमाडौंको बौद्ध सुवी गाउँमा बसोबास गर्न थाल्नुभयो । सुवी गाउँ बौद्धको टोल सुधार समितिका अध्यक्ष रहनुभएका विष्ट थुप्रै संघसंस्थाहरूमा आबद्ध रहेर सामाजिक काममा सक्रिय हुनुहुन्छ । २०४६ सालदेखि एमालेको प्रारम्भिक कमिटीमा रहेर राजनीतिक जीवन सुरू गर्नुभएका विष्ट अहिले नेकपा मालेको प्रदेश कमिटी सदस्य हुनुहुन्छ । नेपाली कला संस्कृतिप्रति असाध्य प्रेम गर्ने विष्ट फ्युचर कल्चर सेन्टरको उपाध्यक्ष हुनुहुन्छ । नेकपा मालेका तर्फबाट काठमाडौं क्षेत्र नं. ३ को प्रतिनिधिसभा सदस्य उम्मेदवार बन्नुभएका विष्टसँग ग्रेटर नेपालका तर्फबाट गरिएको संक्षिप्त भेटवार्ता :**

**तपाईं पनि चुनावी मैदानमा हुनुहुन्छ, प्रचार अभियान कस्तो चल्दैछ ?**

मैले घरदैलो अभियान र साथीभाइ भेटघाटलाई निरन्तरता दिइरहेको छु । प्रचार अभियान व्यवस्थित ढंगले नै अघि बढेको छ । ठूला पार्टीका उम्मेदवार हरुले तामझामपूर्ण ढंगले प्रचार गर्न पैसाको खोलो बगाएका छन् । हामीले भित्रभित्रै प्रचार गरिरहेका छौं ।

**तपाईंको क्षेत्रमा चर्चा त ठूला गठबन्धनका उम्मेदवारहरूको मात्रै देखिन्छ नि ?**

निश्चय पनि लामो समयसम्म सत्तामा बसेर मुलुकलाई लुटेर कंगाल बनाएर आफ्नो ढिकुटी बलियो पार्ने ठूला दल र तिनका उम्मेदवारको चर्चा बढी हुनु अनौठो कुरा होइन । उनीहरुले पैसाको खोलो बगाएर भीड जम्मा गरिरहेका छन् । आचारसंहिता विपरीतको उनीहरुको प्रचारशैलीप्रति आयोगले लगाम लगाउन सकेको छैन । साना दलका उम्मेदवारको गाडीको झन्डा झिक्नसमेत तम्सिनेहरु ठूला दलका उम्मेदवारले सिंगो सहर ध्वजापताकाले रंगीचंगी पार्दा पनि रमिते बनेर बसेका छन् । त्यसैले ठूला दलको चर्चालाई म कुनै आश्चर्य मान्दिन ।

**तपाईंले के कस्ता चुनावी एजेन्डा लिएर जनतासमक्ष जानुभएको छ ?**

नेकपा (माले) को घोषणापत्रमा समेटिएका एजेन्डा नै मेरा एजेन्डा हुन् । माले अन्य पार्टीहरुभन्दा राष्ट्रियताका विषयमा पृथक रहेको छ । नेपालका मिचिएका र लुटिएका सम्पूर्ण भूभाग फिर्ता हुनुपर्छ । मेची काली मात्र नभएर सुगौली सन्धिले हडपेका टिस्टा काँगडाका भूभागको बारेमा समेत हामीले घोषणापत्रमा उल्लेख गरेका छौं । नेपालका नदीनाला भूमि बेचेर कमिसन खानेहरुको राजनीति जनताले नबुझेसम्म मात्र चल्ने हो । अब जनताले बुझ्न जरुरी छ ।



**राजकुमार विष्ट**

**प्रतिनिधिसभा उम्मेदवार, काठमाडौं क्षेत्र नं. ३ (माले)**

त्यसैगरी भ्रष्टाचार र कमिसनको आडमा देश विश्वकै कंगाल बनेको छ । मुलुकमा दलाल पुँजीपति मोटाएका छन् । हामी राष्ट्रिय पुँजीको निर्माणको पक्षमा छौं । बढ्दो व्यापारघाटा कम गर्न उत्पादकत्व बढाइनुपर्छ । अब देश खोक्रो पार्ने र परनिर्भर अर्थतन्त्र होइन, राष्ट्रिय अर्थतन्त्र निर्माण गरी आत्मनिर्भर र सबल राष्ट्र बन्ने बाटोमा लाग्नुपर्छ । नेकपा मालेको घोषणापत्रमा विस्तृत रुपमा सबै उल्लेख भएकाले एकपटक हेरिदिन म सबैमा अपिल गर्छु । यसका अलावा ३ नम्बर क्षेत्रका बाटोघाटो, खानेपानी, ढल निकास व्यवस्थित सहरीकरण लगायतका विषय नै मेरा चुनावी मुद्दा हुन् ।

**अन्त्यमा तपाईं मतदाताहरूमा के अपिल गर्नुहुन्छ ?**

म सम्पूर्ण दाजुभाइ दिदीबहिनीहरुमा के अपिल गर्न चाहन्छु भने कसैको डर, धम्की र प्रलोभनमा नपरी आफ्नो मताधिकारको प्रयोग गरौं । म पनि यस क्षेत्रको सामाजिक काममा सक्रिय युवा भएको हुनाले हँसिया तारा चिन्हमा मतदान गरी सेवा गर्ने मौका प्रदान गर्नु हुन विनम्र अनुरोध गर्दछु ।




आदरणीय मतदाताज्यूहरु जानी राखौं !


## नेपाल कस्तो देश हो ?




(चुनाव चिन्ह)

१. विश्वको १० कंगाल र भ्रष्ट देशहरुमध्ये एक हो नेपाल ।
२. विश्वको सबैभन्दा ठूलो व्यापार घाटा भएको देश हो नेपाल ।
३. विदेशीले ७४ स्थानमा आफ्ना सीमा मिच्दा, टिस्टा काँगडाको आफ्नो भूमिलाई उपनिवेश बनाउँदा सीमा क्षेत्रमा गैरकानुनी रुपबाट बाँध बनाई आफ्नो भूमिलाई जलमग्न बनाउँदा अनि आफ्ना नागरिकलाई दिनदहाडै मार्दा कानमा तेल हालेर बस्ने देश हो नेपाल ।
४. युवायुवतीहरुलाई विदेशमा कठिन, फोहोरी र खतरनाक काम गर्न पठाइ कमाएको पैसा (हुन्डी) ले चल्ने देश हो नेपाल ।
५. बालबालिकाको श्रमशोषण, यौन दुर्व्यवहार र ओसारपसार, महिलामाथि घरेलु हिँसा र विभेदका लागि विश्व प्रख्यात देश हो नेपाल
६. हरेक नौ महिनामा प्रधानमन्त्री फेरिने कारण भूतपूर्व असक्षम प्रधानमन्त्रीहरुको लस्कर भएको देश हो नेपाल ।
७. गरिब जनताका छोराछोरी जीवनजल खान नपाएर मर्ने तर नेताहरुलाई करोडौं खर्च गरी विदेशमा उपचार गर्न पठाउने देश हो नेपाल ।
८. जहाँनीया राणातन्त्र, जहाँनीया राजतन्त्रपछि जहाँनीया नेतातन्त्र भई हाम्रा जति मात्रै राम्रा हुने अनि राम्रा जतिलाई पाखा पार्ने विश्वको एकमात्र देश हो नेपाल ।

आजसम्म जन्मियो कोही यस्ता कलंकहरुबाट मुक्त गरी नेपाललाई समृद्ध, सवल, सभ्य र विशाल देश बनाउने राजनेता ? जन्मेका छैनन्, तसर्थ आउनुहोस् आगामी प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा हँसिया तारा चुनाव चिन्हमा मतदान गरी नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी–लेनिनवादी) का प्रत्यक्ष र समानुपातिक तर्फबाट उठेका सबै उम्मेदवारहरुलाई अत्यधिक मतले विजय गराउनुहोस् । हामी तपाईलाई समृद्ध, सवल, सभ्य र विशाल नेपाल बनाएर देखाइदिनेछौं ।



## ३ नम्बर प्रदेश सभाका लागि समानुपातिक तर्फका उम्मेदवार




सुरेन्द्र ढकाल (पोलिटब्यूरो सदस्य नेकपा माले)
डक्टरेट अफ स्पेसलाइजेसन सरकारी संगठन र व्यवस्थापन (इटली)
स्नातकोत्तर प्रशासनिक विज्ञान (जर्मनी)
स्नातकोत्तर इतिहास तथा स्नातक जनप्रशासन (नेपाल)